# सहायक ब्युटीसियन

# (Assistant Beautician)

# छोटो अवधिको

# पाठ्यक्रम

(दक्षतामा आधारित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

पाठ्यक्रम विकास महाशाखा

सानोठिमी, भक्तपुर

ई.सं. २००८

पहिलो परिमार्जन ई.सं. २०१०

दोश्रो परिमार्जन ई.सं. २०१५

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| परिचय | ३ |
| लक्ष्य | ३ |
| उद्देश्यहरु | ३ |
| पाठ्यक्रमको वर्णन | ३ |
| तालीम अवधि | ३ |
| लक्षित समूह | ३ |
| प्रशिक्षार्थी संख्या | ३ |
| प्रक्षिणको माध्यम | ३ |
| हाजिरीको स्वरुप | ३ |
| प्रवेशका आधारहरु | ३ |
| सीप परीक्षामा व्यवस्था | ४ |
| प्रमाण पत्र | ४ |
| प्रशिक्षकको योग्यता | ४ |
| प्रशिक्षक प्रशिक्षार्थी अनुपात | ४ |
| तालीम संचालन गर्न आवश्यक भौतिक पुर्वाधारहरु | ४ |
| सीप तालीमको लागि सुझाव | ४ |
| अन्य सुझावहरु | ४ |
| पाठ्य संरचना | ५ |
| मोड्युल र सब मोड्युलहरुको सूचि | ६ |
| पेशागत सुरक्षा | ७ |
| औजार उपकरण र सामग्री | १० |
| पार्लर व्यवस्थापन र सरसफाई | १२ |
| हेयर ड्रेसिङ्ग | १७ |
| हेयर पुटअप | २३ |
| हेयर कटिङ्ग | २९ |
| ब्युटी केयर | ३७ |
| मेकअप | ४५ |
| संचार | ५० |
| पेशागत व्यावसायिकता विकास | ५२ |
| उद्यमशिलता विकास | ५४ |
| व्यवसायमा आवश्यक तालीम गुणस्तर सूचक | ५५ |
| सामान्य गुणस्तर सूचक | ५६ |
| प्रकृयागत तक | ५७ |
| परीणाम/उपलब्धी तह | ५८ |
| उपकरण तथा औजार | ५९ |

**परिचयः**
यो **सहायक ब्युटीसियन** को पाठ्यक्रम दक्षतामा आधारित सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिले सज्जित सीपयुक्त तथा रोजगार पाउन योग्य उद्योन्मुख ब्युटिसियन (सौन्दर्यकर्मी) उत्पादन गर्ने उद्देश्यले निर्माण गरिएको पाठ्यक्रम हो । यो पाठ्यक्रममा प्रशिक्षार्थीहरुले ब्युटी पार्लर तालीम कक्षामा हेयर ड्रेसिङ र अनुहार तथा अन्य अंगहरुको श्रृंगार सम्बन्धी सीपहरुको अभ्यास गर्नेछन् । यी सीपहरुमा दक्षता हासिल गरिसकेपछि प्रशिक्षार्थीहरुले संबन्धित उद्योग व्यवसायमा रोजगार वा स्वरोजगार गर्ने पर्याप्त अवसर पाउने र गरिबी न्यूनीकरणको मुलुकको मूलधारमा योगदान दिनेछन् । यो पाठ्यक्रममा राखिएका सीप र ज्ञानबाट प्रशिक्षार्थीहरु आफूसंग भएका सीप र ज्ञानमा सुधार ल्याउन र सम्बन्धित क्षेत्रमा आवश्यक दक्ष ब्युटीसियनका रुपमा कार्य गर्न (स्वरोजगार वा रोजगारी) का लागी समर्थ हुन सक्नेछन् ।

**लक्ष्यः**
मुलुक भित्रकै ब्युटी पार्लरहरुमा सौन्दर्य सम्बन्धी सेवा गर्ने रोजगारयोग्य उद्योन्मुख ब्युटीसियन (सौन्दर्यकर्मी) तयार गर्ने ।

**उद्देश्यहरुः**
प्रशिक्षण प्राप्त गरिसकेपछि प्रशिक्षार्थीहरु तलका कुराहरु गर्न समर्थ हुनेछन् :

१ उक्त पेशामा प्रयोग हुने विभिन्न औजार, उपकरण तथा कस्मेटिक सामाग्रीहरु पहिचान, गणना तथा सञ्चालन गर्न ।
२ स्वस्थकर र पेशागत सुरक्षाका उपायहरु अपनाई ब्युटी पार्लर व्यवस्थापन गर्न ।
३ ग्राहकको केशको स्याहार तथा संभार सम्बन्धि बिबिध प्रकृयाहरु (अनावश्यक रौ हटाउने, हेयर आयल मसाज गर्न, रोलर सेट गर्न, हेयर केश कटाई, केश स्टाईल, केश कलर) गर्न ।
४ हेयर पुटअप (विभिन्न प्रकारका नट तथा वन) बनाउन ।
५ विभिन्न प्रकारका हेयर कटिङ्ग गर्न ।
६ ब्युटी कल्चर (वैयक्तिक ग्रुमिङ्ग, थ्रेडिङ/टुइजर, क्लिन्जिङ्ग, साधारण फेसियल, नर्मल पेडिक्योर, नर्मल मेनिक्योर, मेहन्दी आर्ट, वाक्सीङ्ग) गर्न ।
७ मेकअप (साधारण/अफिस/डे मेकअप, पार्टी मेकअप, दुलही मेक अप) गर्न ।

**पाठ्यक्रमको वर्णनः**

यो पाठ्यक्रममा उल्लेखित कार्यक्रम सौन्दर्य कर्मीले गर्नुपर्ने कामहरुमा आधारित छ । पाठ्यक्रमले पार्लर व्यवस्थापन तथा सरसफाई, पेशागत सुरक्षाका उपायहरु अपनाउन, अनावश्यक रौ हटाउन, केश कटाई, केश स्टाईल, केश कलर, शारिरीक हेरचाह, अनुहार तथा अन्य अंगको श्रृंगार, मेहन्दी आर्ट जस्ता सौन्दर्यन्मुख ज्ञान र सीपहरु प्रदान गर्ने लक्ष्य लिएको छ । यसमा स्याम्पु गर्ने, केश कर्तन, केश रंगाउने, मसाज, मेकअप गर्ने सम्बन्धी ज्ञान र सीप समेत प्रदान गरिनेछ ।

पाठ्यक्रमको संरचनामा उल्लेख गरिए जस्तै निर्दिष्ट मोड्युलको समयावधि हुनेछ । यो तहका प्राविधिज्ञहरुले प्रशिक्षकहरुबाट गरिने प्रदर्शनहरु मार्फत आवश्यक सीप/कार्यहरु अभ्यास गर्ने अवसर पाउने छन् । पेशाका लागि आवश्यक औजार, उपकरण, यन्त्र र सामग्रीहरु प्रयोग गरी प्रशिक्षार्थीहरुले सीप सिक्ने र अभ्यास गर्दै जानेछन् ।

**तालीम अवधिः**

- ३९० घण्टा ।

**लक्षित समूहः**
साधारण लेखपढ गर्न सक्ने युवायुवतीहरु तथा यस पेशाप्रति इच्छुक व्यक्तिहरु यो तालिम कार्यक्रमको लक्षित समूहमा पर्नेछन् । तिनमा पनि ग्रामीण, गरिव, महिला, दलित, जनजाति, सुविधा विहिन समूह (ड्याग) द्वन्द्व प्रभावित र अपांगहरुलाई प्राथमिकता दिइनेछ ।

**प्रशिक्षार्थी संख्याः**

- अधिकतम २० जना ।

**प्रशिक्षणको माध्यमः**

- नेपाली (अंग्रेजी शब्दावली सहित) ।

**हाजिरीको स्वरुपः**

- सैद्धान्तिकः ८० प्रतिशत ।
- व्यावहारिकः ९० प्रतिशत ।

**प्रवेशका आधारहरुः**

- साधारण लेखपढ गर्न सक्ने ।
- कम्तीमा १६ वर्ष उमेर पुगेका
- मानसिक तथा शारीरिक रूपमा स्वस्थ

**सीप परीक्षणमा व्यवस्थाः**

यो तालिमको प्रमाणपत्र प्राप्त गरेका प्रशिक्षार्थीहरूले राष्ट्रिय सीप परीक्षण समितिद्वारा निर्धारण गरिएको मापदण्ड/पूर्व शर्तहरू पुरा गरेमा उक्त पेशाको तह एकको सीप परीक्षण परीक्षामा सहभागि हुन सक्नेछन् ।

**प्रमाण-पत्रः**

यो तालिम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थीहरुलाई सम्बन्धित तालीम दिने संस्थाले **"सहायक ब्युटीसियन"** को प्रमाणपत्र प्रदान गर्नेछ ।

**प्रशिक्षकको योग्यताः**

- ब्युटीसियन तह-१ को सीप परिक्षा उत्तीर्ण र कम्तिमा ३ बर्षको अनुभव वा ब्युटी वा कस्मेटोलोजिमा डिप्लोमा र कम्तिमा १ बर्षको अनुभव भएको ।
- राम्रो संचार तथा प्रशिक्षण सीप भएको ।
- सम्बन्धित व्यावसायमा अनुभवी ।

**प्रशिक्षक-प्रशिक्षार्थी अनुपातः**

- प्रयोगात्मक कक्षा : - १ प्रशिक्षक : १० प्रशिक्षार्थी
- सैद्धान्तिक कक्षा : कक्षा कोठाको अवस्थानुसार ।

**तालिम सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार (भवन तथा कोठाहरू):**

| | | |
|---|---|---|
| क. कार्यालय कोठा | – | १ वटा |
| ख. कक्षा कोठा २० जना अट्ने | – | १ वटा |
| (कम्तीमा प्रति प्रशिक्षार्थी १ वर्गफिट स्थानको हिसाबले २० वर्ग फिटको कक्षा कोठा हुनुपर्नेछ । कक्षा कोठामा पर्याप्त प्रकाश तथा हावाको व्यवस्था हुनुपर्नेछ । | | |
| ग. आगन्तुक कक्ष | - | १ वटा |
| घ. प्रशिक्षक तयारी कक्षा | - | १ वटा |
| ङ. कार्यशाला कोठा | - | १ वटा |
| (कम्तीमा प्रति प्रशिक्षार्थी १० वर्ग फिट स्थानको हिसाबले २० वर्ग फिटको कार्यशाला हुनुपर्नेछ) । | | |
| च. कच्चा पदार्थ राख्ने गोदाम | - | १ वटा |
| छ. सामानहरू दिने/लिने कोठा | | |

**(ग) सीप-तालीमको लागि सुझाबः**

१. कार्य सम्पादन प्रदर्शन गर्ने

- कार्य सम्पादन स्वाभाबिक गतिमा प्रदर्शन गर्ने ।
- क्रमानुसार कार्यसम्पादन कदमक्रमहरु मन्द गतिमा मौखिक बर्णन गर्दै प्रश्नोत्तर बिधि अपनाएर प्रत्येक कार्य सम्पादन कदमक्रमहरुलाई प्रशिक्षार्थी समक्ष प्रदर्शन गर्ने ।
- आवश्यकतानुसार दोहोर्‍याउने वा तेहेर्‍याउने ।
- अन्तिम पटक कार्यसम्पादन प्रदर्शन गर्ने ।

२. प्रदर्शित कार्य सम्पादन अभ्यास गर्न प्रशिक्षार्थीहरुलाई यथेष्ट मौका दिने

- प्रशिक्षार्थीहरुलाई पथ प्रदर्शीत अभ्यास (गाईडेड प्राक्टिस) गराउने ।
- कार्य अभ्यासको क्रममा प्रशिक्षार्थीहरुलाई कदम कदममा सहयोग वा पथ प्रदर्शन (गाईड) गर्ने ।
- कार्य संपादन गर्न निपूर्ण हुनका लागि प्रशिक्षार्थीहरुलाई दोहोर्‍याउने वा पुनः दोहोर्‍याउने मौका प्रदान गर्ने
- दिईएको कार्य संपादन गर्न प्रशिक्षार्थीहरु निपूर्ण भएपछि मात्र प्रशिक्षकले अर्को कार्यसंपादन प्रदर्शन गर्ने

**(घ) अन्य सुझाबहरुः**

- सीप तालीमका सिद्धान्तहरु प्रयोग गर्ने ।
- प्रशिक्षण गर्दा २० प्रतिशत समय सैद्धान्तिक र ८० प्रतिशत समय प्रयोगात्मक कक्षामा प्रयोग गर्ने
- बयश्क सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने
- आन्तरिक अभिप्रेरणाका सिद्धान्तहरु प्रयोग गर्ने

## सहायक ब्युटीसियनको पाठ्य संरचना

| क.सं. | मोड्युल/सब मोड्युल | स्वभाव | समय (घण्टा) | | |
|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | व्यावहारिक | जम्मा |
| १ | पार्लर व्यवस्थापन | | | | |
| | सब मोड्युल १.१: पेशागत सुरक्षा | सै | ७ | ९ | १६ |
| | सब मोड्युल १.२: औजार, उपकरण र सामाग्री पहिचान तथा प्रयोग | सै+ व्या | ५ | १० | १५ |
| | सब मोड्युल १.३: पार्लर व्यवस्थापन र सरसफाई | सै+ व्या | ८ | १२ | २० |
| २ | हेयर ड्रेसिङ्ग | | | | |
| | सब मोड्युल २.१: हेयर केयर | सै+ व्या | ९ | ३६ | ४५ |
| | सब मोड्युल २.२: हेयर पुटअप | सै+ व्या | ७ | ५१ | ५८ |
| | सब मोड्युल २.३: हेयर कटिङ्ग | सै+ व्या | १५ | ६० | ७५ |
| ३ | ब्युटी कल्चर | सै+ व्या | | | |
| | सब मोड्युल ३.१: ब्युटि केयर | सै+ व्या | १४ | ५३ | ६७ |
| | सब मोड्युल ३.२: मेकअप | सै+ व्या | ६ | २८ | ३४ |
| ४ | सञ्चार तथा व्यवसायिक विकास | | | | |
| | सब मोड्युल ४.१ संचार | सै+ व्या | २ | ८ | १० |
| | सब मोड्युल ४.२ बृत्ती विकास | सै+ व्या | २ | ८ | १० |
| ५ | उद्यमशीलता विकास | सै+ व्या | १८ | २२ | ४० |
| | जम्मा | | | | ३९० |

सै= सैद्धान्तिक/ब्या= ब्यावहारिक

## मोड्युल र सब-मोड्युलहरुको सूची

मोड्युल १. पार्लर व्यवस्थापन

सब मोड्युल १.१: पेशागत सुरक्षा

सब मोड्युल १.२: औजार, उपकरण र सामाग्री

सब मोड्युल १.३: पार्लर व्यवस्थापन र सरसफाई

मोड्युल २. हेयर ड्रेसिङ्ग

सब मोड्युल २.१: हेयर केयर

सब मोड्युल २.२: हेयर पुट अप

सब मोड्युल २.३: हेयर कटिङ्ग

मोड्युल ३. ब्युटी कल्चर

सब मोड्युल ३.१ ब्युटि केयर

सब मोड्युल ३.२ मेकअप

मोड्युल ४. सञ्चार तथा व्यवसायिक बिकास

सब मोड्युल ४.१ संचार

सब मोड्युल ४.२ व्यवसायिकता विकास

मोड्युल ५. उद्यमशीलता विकास

# बिस्तृत पाठ्यक्रम

## मोड्युल १ः पार्लर व्यवस्थापन

**सब मोड्युल १.१ः पेशागत सुरक्षा**

| समय : ७ घण्टा (सै) + ९ घण्टा (ब्या) = १६ घण्टा |
|---|
| **वर्णन :** यो मोड्युलमा पेशागत सुरक्षा सम्वन्धी आवश्यक ज्ञान र सीप समावेश गरिएको छ।<br><br>**उद्देश्यहरु :** यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु निम्न कार्य गर्न समर्थ हुनेछन्।<br>१ व्यक्तिगत सुरक्षा सामाग्री प्रयोग गर्न<br>२ जैबिक सुरक्षा गर्न<br>३ औजार तथा उपकरणको सुरक्षा गर्न<br>४ कार्यस्थल सुरक्षा गर्न<br>५ वातावरण प्रदुषण नियन्त्रण गर्न<br>६ बिद्युतीय सुरक्षा अपनाउन<br>७ आगलागीबाट हुने क्षती न्यूनीकरण गर्न<br>८ साधारण प्राथमिक उपचार गर्न<br><br>**कार्यहरु :**<br><br>१ व्यक्तिगत सुरक्षा उपकरणहरु प्रयोग गर्ने।<br>२ जैबिक सुरक्षा गर्ने।<br>३ औजार तथा उपकरणको सुरक्षा गर्ने।<br>४ कार्यस्थल सुरक्षा गर्ने।<br>५ वातावरण प्रदुषण नियन्त्रण गर्ने।<br>६ बिद्युतीय सुरक्षा अपनाउने।<br>७ आगलागीबाट हुने क्षती न्यूनीकरण गर्ने।<br>८ साधारण प्राथमिक उपचार गर्ने। |

# कार्य विश्लेषण

| क. सं. | कार्यहरु | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान | समय घण्टामा | | |
|---|---|---|---|---|---|---|
| | | | | सै | प्र | जम्मा |
| १ | व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्ने । | **अवस्था (दिइएको):**<br>व्यक्तिगत सुरक्षा उपकरणहरु (PPE), सुरक्षा संकेत<br><br>**निर्दिष्ट कार्य(के) :**<br>व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्ने ।<br><br>**स्तर (कति राम्रोसँग) :**<br>● व्यक्तिगत सुरक्षाका उपकरणहरु प्रयोग गरेको । | ● व्यक्तिगत सुरक्षाको आवश्यकता र महत्व<br>● व्यक्तिगत सुरक्षा उपकरणहरु<br>● बिभिन्न जोखिमहरु (Hazards) र त्यसबाट बच्ने उपायहरु<br>● सुरक्षा संग सम्वन्धित बिभिन्न प्रकारका संकेत चिन्हहरु<br>● दुर्घटना हुने कारणहरु | १ | २ | ३ |
| २ | जैबिक सुरक्षा अपनाउने । | **अवस्था (दिइएको):**<br>जैबिक सुरक्षाका सामाग्री, सुरक्षा संकेत<br><br>**निर्दिष्ट कार्य(के) :**<br>जैबिक सुरक्षा अपनाउने ।<br><br>**स्तर (कति राम्रोसँग) :**<br>● जैबिक सुरक्षाका सामाग्रीहरु प्रयोग गरिएको । | ● जैबिक सुरक्षाको आवश्यकता र महत्व<br>● जैबिक सुरक्षा उपकरणहरु<br>● बिभिन्न जोखिमहरु (Hazards) र त्यसबाट बच्ने उपायहरु<br>● सुरक्षा संग सम्वन्धित बिभिन्न प्रकारका संकेत चिन्हहरु<br>● दुर्घटना हुने कारणहरु | १ | १ | २ |
| ३ | औजार तथा उपकरणको सुरक्षा गर्ने । | **अवस्था (दिइएको):**<br>सुरक्षित भण्डारण स्थल<br><br>**निर्दिष्ट कार्य(के) :**<br>औजार तथा उपकरणको सुरक्षा गर्ने ।<br><br>**स्तर (कति राम्रोसँग) :**<br>सही कामको लागि सही औजारहरुको प्रयोग भएको । | ● औजार तथा उपकरणहरुको सुरक्षाको आवश्यकता र महत्व<br>● औजार तथा उपकरणको सुरक्षा गर्ने विधि | १ | १ | २ |
| ४ | कार्यस्थलको सुरक्षा गर्ने । | **अवस्था (दिइएको):**<br>कार्यस्थल<br><br>**निर्दिष्ट कार्य(के) :**<br>कार्यस्थलको सुरक्षा गर्ने ।<br><br>**स्तर (कति राम्रोसँग) :**<br>● कार्यशाला सफा र तेल तथा चिप्लो पदार्थ रहित पारिएको ।<br>● आकस्मिक दुर्घटनाबाट बच्ने उपकरणहरु उपलब्ध भएको ।<br>● सुरक्षाका पोस्टरहरु भितामा टागेको । | ● कार्यस्थलको सुरक्षाको आवश्यकता र महत्व<br>● कार्यथलो सुरक्षा गर्ने विधि | १ | १ | २ |

| क. सं. | कार्यहरु | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान | समय घण्टामा | | |
|---|---|---|---|---|---|---|
| | | | | सै | प्र | जम्मा |
| | | | | | | |
| ५ | वातावरण प्रदुषण नियन्त्रण गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामाग्री उपलब्ध भएको ।<br><br>**<u>निर्दिष्ट कार्य(के) :</u>**<br>वातावरण प्रदुषण नियन्त्रण गर्ने ।<br><br>**<u>स्तर (कति राम्रोसँग) :</u>**<br>● काम गर्दा ध्वनि प्रदुषण नियन्त्रण गरिएको ।<br>● हावा र प्रकाश खुल्लारुपमा आवत जावत हुने व्यवस्था मिलाइएको ।<br>● प्रदुषण मुक्त पानी व्यवस्थापन गरिएको ।<br>● हानिकारक विषादि तथा रसायनहरु सुरक्षितसाथ भण्डारण गरिएको । | ● वातावरण प्रदुषणको परिचय<br>● बातावरण प्रदुषणका प्रकारहरु<br>● बातावरण प्रदुषणले पार्ने असरहरु<br>● वातावरण प्रदुषण नियन्त्रण गर्ने विधि | १ | १ | २ |
| ६. | बिद्युतीय सुरक्षा अपनाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामाग्री उपलब्ध भएको ।<br><br>**<u>निर्दिष्ट कार्य(के) :</u>**<br>बिद्युतीय सुरक्षा अपनाउने ।<br><br>**<u>स्तर (कति राम्रोसँग) :</u>**<br>काम गर्दा बिद्युतीय सुरक्षा अपनाएको । | ● बिद्युतीय जोखिम आउन सक्ने कारणहरु<br>● बिद्युतीय जोखिम न्यूनीकरण गर्ने उपायहरु<br>● बिद्युतीय सुरक्षा अपनाउने विधि | ०.५ | ०.५ | १ |
| ७. | आगलागी बाट हुने क्षती न्यूनीकरण गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामाग्री उपलब्ध भएको ।<br><br>**<u>निर्दिष्ट कार्य(के) :</u>**<br>आगलागीबाट हुने क्षती न्यूनीकरण गर्ने ।<br><br>**<u>स्तर (कति राम्रोसँग) :</u>**<br>आगलागीबाट हुने क्षती न्यूनीकरण गरेको । | ● आगलागी हुन सक्ने कारणहरु<br>● आगलागी न्यूनीकरण गर्ने उपायहरु<br>● अग्नि नियन्त्रक उपकरण तथा सामानहरु प्रयोग गर्ने विधि<br>● आगलागीबाट सुरक्षा अपनाउने विधि | ०.५ | ०.५ | १ |
| ८. | साधारण प्राथमिक उपचार गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामाग्री उपलब्ध भएको ।<br><br>**<u>निर्दिष्ट कार्य(के) :</u>**<br>साधारण प्राथमिक उपचार गर्ने ।<br><br>**<u>स्तर (कति राम्रोसँग):</u>**<br>बिभिन्न किसिमका साधारण प्राथमिक उपचार गरिएको । | ● साधारण प्राथमिक उपचारको परिचय<br>● साधारण प्राथमिक उपचारहरु<br>● First Aid Kit<br>● प्राथमिक उपचारमा प्रयोग हुने औषधी र सामग्रीहरु<br>● साधारण प्राथमिक उपचार गर्ने विधि | १ | २ | ३ |
| | | | **जम्मा** | **७** | **९** | **१६** |

## सब मोड्युल १.२: औजार, उपकरण र सामाग्री

समय : ५ घण्टा (सै) + १० घण्टा (ब्या) = १५ घण्टा

**वर्णन** : यो मोड्युलमा मुख्य मुख्य औजार, उपकरणहरुको कामका लागी तयारी हालतमा बनाउने र औजार, उपकरण र सामाग्रीहरु प्रयोग सम्वन्धी आवश्यक ज्ञान र सीप समावेश गरिएको छ।

**उद्देश्यहरु** :यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु निम्न कार्य गर्न समर्थ हुनेछन्।

१ विभिन्न औजार, उपकरण र सामाग्रीको पहिचान गर्न।
२ अन्य औजार, उपकरण र सामाग्रीहरुको प्रयोग गर्न।

**कार्यहरु** :

१ विभिन्न औजार, उपकरण र सामाग्रीको पहिचान गर्ने।
२ सम्पुर्ण औजार, उपकरण र सामाग्रीहरुको प्रयोग गर्ने। (पेज नम्बर ५९ र ६० मा उल्लेखित)

## सब मोड्युल १.३: पार्लर व्यवस्थापन र सरसफाई

समय : ८ घण्टा (सै) + १२ घण्टा (ब्या) = २० घण्टा

**वर्णन**

यो आधारभूत मोड्युलले ब्यूटी पार्लर व्यवस्थापन र औजार उपकरण र वातावरणीय सरसफाई सम्वन्धी ज्ञान र सीप प्रदान गर्ने लक्ष्य राखेको छ। यसका साथै यसमा औजार र उपकरणको पहिचान र सञ्चालन विषमा पनि व्यवहार गरिने छ।

**उद्देश्यः**

यो मोड्युल सकेपछि प्रशिक्षार्थीहरु तलका कुराहरु गर्न समर्थ हुनेछन् :

१. ब्युटी सपका फर्निचर सुव्यवस्थित गर्न

२ ब्युटि पार्लर सुसज्जित गर्न

३. औजार, उपकरण तथा सामाग्रीहरुको गणना/पहिचान/सञ्चालन गर्ने

४. पार्लरमा बत्ती/हावाको आवात जावत सुव्यवस्थित गर्न

५. औजार/उपकरणहरुको सरसफाई र शुद्धिकरण गर्ने, सुव्यवस्थित गर्न

६. वातावरण र कार्य स्थलको परिधि शुद्धिकरण गर्ने /सुव्यवस्थित गर्ने

७. पेशागत आचरण पालना गर्ने /सुव्यवस्थित गने

८. ब्युटी पार्लर सञ्चालन गर्न

**कार्यहरु :**

१. ब्युटी सपका फर्निचर सुव्यवस्थित गर्ने।

२ ब्युटि पार्लर सुसज्जित गर्ने।

३. औजार, उपकरण तथा सामाग्रीहरुको गणना/पहिचान/सञ्चालन गर्ने।

४. पार्लरमा बत्ती/हावाको आवात जावत सुव्यवस्थित गर्ने।

५. औजार/उपकरणहरुको सरसफाई र शुद्धिकरण गर्ने, सुव्यवस्थित गर्ने।

६. वातावरण र कार्य स्थलको परिधि शुद्धिकरण गर्ने /सुव्यवस्थित गर्ने।

७. पेशागत आचरण पालना गर्ने /सुव्यवस्थित गर्ने।

८. ब्युटी पार्लर सञ्चालन गर्ने।

# कार्य विश्लेषण (task Analysis)

## पार्लर व्यवस्थापन र सरसफाई

## कार्य विश्लेषण

कुल समय: २ घण्टा
सैद्धान्तिक :१ घण्टा
प्रयोगात्मक: १ घण्टा

**निर्दिष्ट कार्य नं १ :- ब्युटी सपका फर्निचर सुव्यवस्थित गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. विभिन्न सेवाका लागि कोठा र स्थान तोक्ने ।<br>२. फर्निचर सुव्यवस्थित गर्न र उचित स्थिति मिलाउन क्याट लग लिने ।<br>३. नुहाउने/धुने कोठा सुव्यवस्थित गर्ने ।<br>४. कपाल काट्ने स्थान सुव्यवस्थित गर्ने ।<br>५. फेसियल गर्ने कोठा सुव्यवस्थित गर्ने ।<br>७. मेनीक्युर/पेडिक्युर कोठा सु-व्यवस्थित गर्ने ।<br>८. मेकअप र ड्रेसिङ्ग कोठा सुव्यवस्थित गर्ने । | **अवस्था (दिइएको):**<br>ब्युटीपार्लरको लागि फर्निचरको क्याटलग<br><br>**निर्दिष्ट कार्य(के) :**<br>ब्युटी सपका फर्निचर/ स्थिति स-सुव्यवस्थित गर्ने ।<br><br>**स्तर (कति राम्रोसँग) :**<br>● ऐनाको अगाडिको टेबल र कुर्ची हुनुपर्ने<br>● बीचमा खाली ठाउँ छोडेको हुनुपर्ने ।<br>● ग्राहकका लागि सुविधाजनक बस्ने व्यवस्था हुनुपर्ने ।<br>● ग्राहकलाई सत्कारका लागि फर्निचर र ठाउँ हुनुपर्ने । | ● विभिन्न सेवा प्रदान गरिने कोठामा फर्निचरको आवश्यकता<br>● फर्निचर राख्ने क्याटलग<br>● फर्निचर मिलाउने विधि |

**आवश्यक औजार / उपकरण :** ब्युटीपार्लरको लागि फर्निचरको क्याटलग, आवश्यक पर्ने फर्निचरहरु

**सुरक्षा तथा सावधानि:** फर्निचर तथा कुर्चिहरु मिलाउदा सहभागीहरु एक आपसमा नठोकिने तथा एक आर्कामा घच्चालागी काम बिग्रने सम्भावनालाई ख्याल गरिएको ।

## कार्य विश्लेषण

कुल समय: ३ घण्टा
सैद्धान्तिक: १ घण्टा
प्रयोगात्मक: २ घण्टा

**निर्दिष्ट कार्य नं २ :- ब्युटी पार्लर सुसज्जित गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. विभिन्न सेवाका लागि कोठा र स्थान तोक्ने ।<br>२. विभिन्न कोठा सुसज्जित गर्न क्याटलग लिने ।<br>३. फेसियल कोठा सेट अप गर्ने<br>४. मसाज गर्ने कोठा सेट अप गर्ने<br>१. प्रतिक्षा कोठा सेट अप गर्ने।<br>२. मेकअप र ड्रेसिङ्ग कोठा सेट अप गर्ने<br>३. वाक्स कोठा सेट अप गर्ने<br>४. कपाल काट्ने ठांउ सेट अप गर्ने<br>५. क्याटलग अनुसार औजार उपकरण संयन्त्र र सामग्रीहरु व्यवस्थित गर्ने<br>६. तताउने/चिस्याउने प्रबन्ध गर्ने । | **अवस्था (दिइएको)**<br>क्याटलग अनुसार फर्निचर र सरसजावटका सामाग्रीहरु ।<br><br>**निर्दिष्ट कार्य (के)**<br>ब्युटी पार्लर सुसज्जित गर्ने ।<br><br>**स्तर (कति राम्रोसंग):**<br>● पार्लर सफा हुनुपर्ने<br>● सवै फर्निचर र मेसिन सफा हुनुपर्ने<br>● प्रयोग भएको रुमाल र एप्रोन सफा हुनुपर्ने ।<br>● सम्बन्धित सवै सामाग्री ठीक ठाउँमा हुनुपर्ने । | विभिन्न सेवा प्रदान गरिने कोठामा सजाउने फर्निचर एवं सामानको<br>● आवश्यकता<br>● फर्निचर सजावटका लागि क्याटलग<br>● फर्निचर सजावट विधि |

**आवश्यक औजार / उपकरण :** फर्निचर र सरसजावटका सामाग्रीहरु

**सुरक्षा तथा सावधानि:**

- औजार उपकरण तथा सामाग्रीहरु आवश्यकता अनुसार उपलब्ध हुने स्थानमा सजावट गरि राखिएको ।
- फर्निचर तथा कुर्चिहरु मिलाउदा सहभागीहरु एक आपसमा नठोकिने तथा एक आर्कामा घच्चा लागी काम बिग्रने सम्भावनालाई ख्याल गरिएको ।

## कार्य विश्लेषण

कुल समयः ३ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मकः २ घण्टा

**निर्दिष्ट कार्य नं ३ :- औजार, उपकरण तथा सामाग्रीहरुको गणना/पहिचान/सञ्चालन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. औजार, उपकरण तथा सामग्रीहरुको पहिचान गर्ने<br>२. औजार उपकरण तथा सामग्रीहरुको गणना गर्ने ।<br>३. विभिन्न औजार उपकरण तथा सामग्रीहरुको काम/प्रयोगको सूची बनाउने ।<br>४. विभिन्न औजार उपकरण तथा सामग्रीहरु सञ्चालन गर्ने ।<br>५. सुरक्षाका लागि पूर्व सावधानी अपनाउने ।<br>६. अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर र त्यसमा राख्ने औजार, सामाग्री तथा उपकरण ।<br>**निर्दिष्ट कार्य (के)**<br>औजार उपकरण तथा सामग्रीहरुको गणना/ पहिचान/ सञ्चालन गर्ने ।<br>**स्तर (कति राम्रो संग)**<br>ब्युटी र कास्मेटोलोजिसंग संबन्धित औजार, उपकरण र सामाग्रीहरु पहिचान, गणना तथा सञ्चालन गरिएको हुनुपर्ने । | हेयर ड्रसिङ्गसंग सम्वन्धित औजार, उपकरण र सामाग्रीहरुको<br>• पहिचान<br>• प्रकार<br>• कार्य सञ्चालन तरिका<br>• सुरक्षाका लागि पूर्व सावधानीहरु |

**आवश्यक औजार / उपकरण :** ब्युटी पार्लर र त्यसमा राख्ने औजार, सामाग्री तथा उपकरणहरु

**सुरक्षा तथा सावधानिः**

- औजार उपकरण तथा सामाग्रीहरु गणना/ पहिचान/ सञ्चालन गर्दा कुन औजार उपकरण तथा सामाग्री कस्तो अवस्थामा प्रयोग गर्ने ख्याल गरिएको ।

## कार्य विश्लेषण

कुल समयः २ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मकः १ घण्टा

**निर्दिष्ट कार्य नं ४ :- ब्युटी पार्लरमा बत्ती/हावाको आवात जावत सुव्यवस्थित गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन लिने ।<br>२. बत्ती/हावाको आवात जावत अवस्थाको लेखाजोख गर्ने ।<br>३. फेसियल कोठाको लागि मधुरो प्रकाशको प्रबन्ध तथा कोठाको वातावरण आनन्ददायी बनाउने ।<br>४. कपाल काटने कोठामा उज्यालो प्रकाशको प्रबन्ध मिलाउने ।<br>५. वासिङ्ग कोठामा प्रकाशको प्रबन्ध मिलाउने<br>६. अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर<br>**निर्दिष्ट कार्य (के):**<br>ब्युटी पार्लरमा बत्ती/हावाको आवात जावत सुव्यवस्थित गर्ने<br>**स्तर (कति राम्रो संग):**<br>विभिन्न क्रियाकलापको लागि ब्युटी पार्लरमा पर्याप्त प्रकाश र हावाको आवत जावत सुव्यवस्थित गरिएको | प्रकाश र वायुको आवागमन<br>• परिभाषा<br>• महत्व<br>• ब्युटी पार्लरमा प्रकाश र हावाको आवश्यकता<br>• कोठालाई कसरी प्रकाशमय सफा र शुद्धहावायुक्त बनाउने<br>• प्रकाशको अभावमा बैकल्पिक व्यवस्था |

**आवश्यक औजार / उपकरण :** भौतिक सुबिधा सहितको ब्युटिपार्लर

**सुरक्षा तथा सावधानिः** मानबिय ब्यक्तिगत स्वास्थ्य सुरक्षालाई ध्यानमा राखि बत्ती/हावाको आवात जावत सुव्यवस्थित गरिएको ।

## कार्य विश्लेषण

कुल समयः ३ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मकः २ घण्टा

**निर्दिष्ट कार्य नं ५ :- औजार/उपकरणहरुको सरसफाई र शुद्धिकरण गर्ने, सुव्यवस्थित गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सफा र शुद्धिकरण गर्ने उपकरण र औजारहरुको निर्धारण गर्ने<br>२. सफा र शुद्धिकरण गर्ने विधि निर्धारण गर्ने<br>३. औजार उपकरणहरुलाई शुद्धिकरण संयन्त्रमा राख्ने<br>४. निश्चित अवधि तोकेरे संयन्त्रमा राखिरहने<br>५. शुद्धिकरण संयन्त्रबाट निकाल्ने । | **अवस्था (दिइएको):**<br>औजार उपकरण र शुद्धिकरण संयन्त्र ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>औजार/उपकरणहरुको सरसफाई र शुद्धिकरण गर्ने ।<br><br>**स्तर (कति राम्रो संग):**<br>आवश्यक औजार उपकरणहरु सफा र शुद्धिकरण गरिएको । | ब्याक्टेरिया र शुद्धिकरणको अवधारणा<br>• परिचय<br>• महत्व<br>• विधि (भौतिक र रासायनिक) |

**आवश्यक औजार/उपकरण :** सरसफाई गर्नु पर्ने औजार/उपकरणहरु ।

**सुरक्षा तथा सावधानिः** व्यक्तिगत स्वास्थ्य सुरक्षालाई ध्यानमा राखि औजार/उपकरणहरुको सरसफाई र शुद्धिकरण सुव्यवस्थित गरिएको ।

## कार्य विश्लेषण

कुल समयः २ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मकः १ घण्टा

**निर्दिष्ट कार्य नं ६:- वातावरण र कार्य स्थलको परिधि शुद्धिकरण गर्ने /सुव्यवस्थित गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ निर्देशनहरु प्राप्त गर्ने<br>२ वातावरण/कार्यक्षेत्र/ कार्य परिधिको वर्तमान अवस्थाको लेखाजोखा गर्ने ।<br>३ सरसफाई र शुद्धिकरणको मापदण्डको लेखाजोखा गर्ने ।<br>४ सरसफाई सम्बन्धी नियमहरु लागु गर्ने ।<br>५ अभिलेख राख्ने | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर ।<br>**निर्दिष्ट कार्य (के):**<br>वातावरण र कार्य स्थलको परिधि शुद्धिकरण गर्ने/सुव्यवस्थित गर्ने ।<br>**स्तर (कति राम्रो संग):**<br>मापदण्ड अनुसार कार्य क्षेत्र कार्य परिधिको वातावरण/सरसफाइयुक्त र किटाणुमुक्त गरिएको । | सरसफाई<br>परिचय<br>महत्व<br>सरसफाईका विधिहरु<br>कसरी कार्यस्थल किटाणुहरु मुक्त गर्ने । |

**आवश्यक औजार / उपकरण :** सरसफाई गर्नु पर्ने पार्लर

**सुरक्षा तथा सावधानि :** मानबिय व्यक्तिगत स्वास्थ्य सुरक्षा तथा पार्लरको सरसफाई र सुरक्षालाई ध्यानमा राखि वातावरण र कार्य स्थलको परिधि शुद्धिकरण सुव्यवस्थित गरिएको ।

## कार्य विश्लेषण

कुल समयः २ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मकः १ घण्टा

**निर्दिष्ट कार्य नं ७:- पेशागत आचरण पालना गर्ने /सुव्यवस्थित गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सवै ग्राहककहरुलाई शिष्टाचारयुक्त एवं मैत्रीपूर्ण सेवा प्रदान गर्ने ।<br>२. सवैलाई इमान्दारिता र न्यायोचित तवरले व्यवहार गर्ने ।<br>३. अरुको भावना र अधिकारको आदर र प्रशंसा गर्ने<br>४. बाचा र दायित्व पूरा गर्ने ।<br>५. सुन्दर छवि निर्माण गर्ने ।<br>६. आचरण, व्यवहार र पेसागत रुपमा सुन्दर नमुना प्रस्तुत गर्ने ।<br>७. रोजगारदाता र सहयोगीप्रति बफादार रहने<br>८. आफू मातहतका कर्मचारी वा सहयोगी प्रति सहयोगी र मिलनसार हुने ।<br>९. देशको नियम, कानुन र पेसागत मूल्य मान्यताहरुको अनुसरण गर्ने ।<br>१०. सवै समयमा सरसफाइ र निर्मलीकरण प्रति कडा निगरानी राख्ने ।<br>११ सस्तो चातुर्यता भन्दा पेसामा विश्वास गरी सो अनुरुप आफूलाई ढाल्ने ।<br>१२. आवश्यक सामग्रीहरु मगाउने ।<br>१३. औजारउपकरण र सामाग्रीहरु उचित मात्रामा मौजुदा राख्ने । | **अवस्था (दिइएको):**<br>ऐन, नियम, नियमावली, विनियम<br>**निर्दिष्ट कार्य (के):**<br>पेशागत आचरण पालना गर्ने /सुव्यवस्थित गर्ने ।<br><br>**स्तर (कति राम्रो संग):**<br>पेशागत नियम, विनियम, कानून पेशागत आचरण पालन गर्ने । | पेसागत आचरण सौन्दर्यकर्मी हरुको हकमा<br>● परिभाषा<br>● महत्व<br>● उपयोग<br>● प्रचलित ऐन नियम, कानुन, विनियम |

**आवश्यक औजार / उपकरण :** विद्यमान ऐन, नियम, नियमावली, विनियम

**सुरक्षा तथा सावधानि :** पेशागत नियम, विनियम, कानून पेशागत आचरण पालन गरि पार्लर व्यवस्थापन नगर्दा पर्न सक्ने कठिनाईका बारेमा पर्याप्त जानकारी गराइएको ।

## कार्य विश्लेषण

कुल समयः ३ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मकः २ घण्टा

**कार्य नं ८:- ब्युटी पार्लर सञ्चालन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ग्राहककहरुलाइ भेटघाट गर्ने तालिका बनाउने ।<br>२. ग्राहककहरुलाई आतिथ्य प्रदान गरी स्वागत गर्ने ।<br>३. ग्राहककहरुको मन बहलाउने ।<br>४. ग्राहककहरुलाई उचित समाधान दिने ।<br>५. ग्राहक सम्बन्धी सूचनाको अभिलेख अद्यावधिक राख्ने ।<br>६. नगद बही सञ्चालन गर्ने ।<br>७. आवश्यक सामाग्रीहरु मगाउने ।<br>८. आवश्यक औजार/उपकरण, सामाग्रीहरुको अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर, आवश्यक औजार/उपकरण ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>ब्युटी पार्लर सञ्चालन गर्ने ।<br><br>**स्तर (कति राम्रो संग):**<br>प्रचलित मूल्य मान्यता र मापदण्ड अनुसार पार्लर संचालन गरिएको । | ब्युटि पार्लर सञ्चालन कार्यविधि ग्राहककहरुकालागि तालिका निर्माण र परिपालन<br>● ग्राहकको मन बहलाउने विधि<br>● ग्राहककहरुको सूचनाको अभिलेख राख्ने<br>● आपूर्ति गर्नुपर्ने सामाग्रीहरुको सूचि |

**आवश्यक औजार / उपकरण :** ब्युटी पार्लर सञ्चालन गर्न आवश्यक देहायका औजार/उपकरण तथा सामाग्रीहरु

**सुरक्षा तथा सावधानि :** पेशागत नियम, विनियम, कानून पेशागत आचरण पालन गरि पार्लर व्यवस्थापन नगर्दा पर्न सक्ने कठिनाईका बारेमा पर्याप्त जानकारी गराइएको ।

# मोड्युल २ हेयर ड्रेसिङ्ग

## सब मोड्युल २.१: हेयर केयर

समय : ९ घण्टा (सै) + ३६ घण्टा (ब्या) = ४५ घण्टा

**वर्णन:** यो मोड्युल केश कर्तन र हेयर स्टाइल सम्बन्धी काम गर्दा ड्रेसरले कामको ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले निर्माण गरिएको छ। विशेष गरी यसमा हेयर स्याम्पू गर्ने, केश कर्तन, केश मिलान, केशको शैली र केश रंग्याउने कार्यको विस्तृत विवरण दिइएको छ।

**उद्देश्यहरुः-** यो मोड्युलको समाप्तिपछि प्रशिक्षार्थीहरु तलका कुरा गर्न समर्थ हुनेछन् :-

१ हेयर ड्रेसर/ब्युटी कल्चर/कस्मेटोलोजीको अवधारणा प्रस्तुत गर्न।
२ केशको स्याहार संभार गर्ने अवधारणा विकास गर्न
३ कपालमा हर्वल डाई/ हीना लगाउन
४ कपालमा स्याम्पो/कण्डिसनिङ्ग गर्न
५ रोलर सेट लगाउन
६ ब्लो ड्राई सेटिङ्ग गर्न
७ Hair Oil Massage गर्न
८ Temporary Hair Iron गर्न।

**कार्यहरु**

१. हेयर ड्रेसर/ब्युटी कल्चर/कस्मेटोलोजीको अवधारणा प्रस्तुत गर्ने।
२. केशको स्याहार संभार गर्ने अवधारणा विकास गर्ने
३. कपालमा हर्वल डाई/ हीना लगाउने।
४. कपालमा स्याम्पो/कण्डिसनिङ्ग गर्ने
५. रोलर सेट लगाउने।
६. ब्लो ड्राई सेटिङ्ग गर्ने।
७. Hair Oil Massage गर्ने।
८. Temporary Hair Iron गर्ने।

# कार्य विश्लेषण (TaskAnalusis)
## हेयर ड्रेसिङ्ग

## कार्य विश्लेषण

कुल समय: २ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक: १ घण्टा

**निर्दिष्ट कार्य नं. १ :- हेयर ड्रेसर/ब्युटी कल्चर/कस्मेटोलोजीको अवधारणा प्रस्तुत गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. हेयर ड्रेसिङ्गको परिभाषा दिने ।<br>२. ब्युटी कल्चरको परिभाषा दिने ।<br>३. कस्मेटोलोजीको परिभाषा दिने ।<br>४. हेयर ड्रेसिङ्ग, ब्युटी र कस्मेटोलोजीसंग सम्बन्धित शब्दावलीको परिभाषा दिने ।<br>५. व्यक्तिगत सुरक्षाको सुचि बनाउने । | **अवस्था (दिइएको):**<br>किताब म्यानुएल, क्याटलग र हयाण्ड आउट ।<br>**निर्दिष्ट कार्य (के):**<br>हेयर ड्रेसर/ब्युटी कल्चर/कस्मेटोलोजीको अवधारणा प्रस्तुत गर्ने ।<br>**स्तर (कति राम्रो संग):**<br>● हेयर ड्रेसिङ्ग, ब्युटी कल्चर, र कस्मेटोलोजीको अवधारणा बताइएको ।<br>● हेयर ड्रेसिङ्ग, ब्युटी कल्चर र कस्मेटोलोजीको शब्दावली परिभाषित गरिएको । | हेयर ड्रेसिङ्गको अवधारणा<br>ब्युटी कल्चरको अवधारणा<br>कस्मेटोलोजीको अवधारणा<br>ब्युटी र कस्मेटोलोजीसंग सम्बन्धित शब्दहरुको परिभाषा । |

**आवश्यक औजार/उपकरण :** किताब म्यानुएल, क्याटलग र हयाण्ड आउट ।

**सुरक्षा तथा सावधानि :** हेयर ड्रेसर/ब्युटी कल्चर/कस्मेटोलोजीको अवधारणाको बारेमा स्पष्ट नबताउदा पर्न सक्ने हानि नोक्सानि बारेमा जानकारी गराइएको ।

## कार्य विश्लेषण

कुल समय: २ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक: १ घण्टा

**निर्दिष्ट कार्य नं २ : केशको स्याहार संभार गर्ने अवधारणा विकास गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. केशको संरचना र बनोट बताउने<br>२. कपालमा रासायनिक असर बारे वताउने ।<br>३. केश स्याहारको सूचि बनाउने ।<br>४. केश स्याहार संभार सामाग्रीहरुको पहिचान गर्ने । | **अवस्था (दिइएको):**<br>किताव म्यानुएल र क्याटलग ।<br>**निर्दिष्ट कार्य (के):**<br>केशको स्याहार संभार गर्ने अवधारणा विकास गर्ने ।<br>**स्तर (कति राम्रो संग):**<br>केशको बनावट बारे वताईएको र केश स्याहारको महत्वको सूची बनाइएको । | केश<br>परिभाषा<br>महत्व<br>प्रकार वर्गीकरण<br>केश स्याहार/संभार<br>महत्व<br>विधि<br>केश स्याहार संभारका सामाग्रीहरु । |

**आवश्यक औजार / उपकरण :** किताव म्यानुएल र क्याटलग

**सुरक्षा तथा सावधानि :** केशको स्याहार संभार गर्ने अवधारणाको बारेमा स्पष्ट नबताउदा पर्न सक्ने हानि नोक्सानि बारेमा जानकारी गराइएको ।

## कार्य विश्लेषण

कुल समय: ४ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक: ३ घण्टा

**निर्दिष्ट कार्य नं ३ : कपालमा हर्बल डाई/हीना लगाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ग्राहकको स्वागत गर्ने ।<br>२. आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने ।<br>४. ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने ।<br>५. ग्राहकको घाँटी वरिपरी रुमाल राख्ने र त्यस माथी केप लगाई दिने ।<br>६. केशको प्रकार चेक गर्ने ।<br>७ केश कोर्ने ।<br>८. क्राउन एरियाबाट कपाललाई बनको आकार बनाएर हर्बल डाई/हिना लगाई सावर क्याप लगाउने ।<br>८ हिना कलरको लागी १-२ घण्टां सम्म राख्ने र कण्डिसनरका लागी २५ देखि ३० मिनेट राखी पखाल्ने ।<br>९. ड्रायरले सुकाउने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर स्याम्पू तौलिया जटिल केश भएको ग्राहक आवश्यक औजार र सामाग्रीहरु ।<br>**निर्दिष्ट कार्य (के):**<br>कपालमा हर्बल डाई/हीना लगाउने ।<br>**स्तर (कति राम्रो संग):**<br>• समस्यामुक्त सुन्दर कपाल<br>• कपालमा चमक आएको ।<br>• ड्यामेज कपाल सुधारीएको ।<br>• फुलेको कपाल छोपिएको । | केश<br>• हीना लगाउँदा विचार गर्नु पर्ने स्वास्थ्यको अवस्था, मौसम र यसको असर<br>• मिश्रण र लगाउने तरिका<br>• कलर र कण्डिसनर लगाई राख्ने समयावधिको ज्ञान । |

**आवश्यक औजार/उपकरण:** हीना काँगियो, ल्युकवर्म वाटर, तौलिया, बुरुस, वाटरप्रुफ एप्रोन
**सुरक्षा तथा सावधानि:** • सुख्खा केशमा हीना नलगाउने । • कोल्ड एलर्जि हुने व्यक्तिलाई हीना प्रयोग नगर्ने ।

## कार्य विश्लेषण

कुल समय: ४ घण्टा
सैद्धान्तिक: १ घण्टा
प्रयोगात्मक: ३ घण्टा

**निर्दिष्ट कार्य नं ४ : कपालमा स्याम्पो/कण्डिसनिङ्ग गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ औजार, उपकरण तथा आवश्यक सामाग्रीहरु संकलन गर्ने ।<br>३ ग्राहकलाई आरामदायी तरिकाले स्याम्पु बेड/चियरमा सुताउने ।<br>४ ग्राहकको घांटीको वरिपरी तल सम्म हुने गरि टावल राख्ने ।<br>५ टावलमाथी स्याम्पु केप लगाई दिने ।<br>६ कानमा एयर (Ear) क्याप लगाई दिने ।<br>७ गर्मीमा सादा पानि जाडोमा मन तातो पानि प्रयोग गरि स्याम्पु बेसिनमा ग्राहकको टाउको राखी सबै कपाल राम्रो संग भिजाउने ।<br>८ कपालको घनत्व हेरी आवश्यकता वा कपालको प्रकार अनुसारको स्याम्पु हातमा लिई ग्राहकको कपालमा सबै ठाउँमा पुग्ने गरि ३ देखी ५ मिनेट सम्म स्याम्पु फिजाउने ।<br>९ स्याम्पुको चिप्लो पदार्थ निर्खने गरि पखाल्ने ।<br>१० भिजेको कपालमानै हातमा कण्डिसनर लिई कपालको जरामा नपर्ने गरि सबै कपालमा पुग्ने गरि लगाई दिने ।<br>११ कण्डिसनर कपालको सबैभागमा राम्रो संग लाग्नको लागी ३ देखी ५ मिनेट सम्म राख्ने ।<br>१२ मौसम अनुसारका सफा पानीमा ग्राहकको कपाल पुन: पखालिदिने ।<br>१३ पखालिएको कपालको पानि सफा रुमालले सोस्ने ।<br>१४ ग्राहकको कपाल ड्रायरले सुकाई सके पछि कोरी सेट गरि दिने । | **अवस्था (दिइएको):**<br>औजार, उपकरण, सामाग्रीहरु सहितको पार्लर, स्याम्पु/कण्डिसन गर्नु पर्ने ग्राहक<br>**निर्दिष्ट कार्य (के):**<br>केश स्याम्पो /कण्डिसनिङ्ग गर्ने ।<br>**स्तर(कति राम्रो):**<br>• कपालको प्रकार अनुसारको स्याम्पु/कण्डिसनर प्रयोग गरिएको ।<br>• कपाल सफा र साइनिङ्ग भएको । | • स्याम्पु/कण्डिसनको परिचय, महत्व, प्रकार<br>• कपालमा स्याम्पु/कण्डिसनको आवश्यकता<br>• कपाल अनुसार स्याम्पु/कण्डिसनको छनौट गर्ने ज्ञान ।<br>• स्याम्पु/कण्डिसनिङ्ग गर्दा अपनाउने सावधानि |

**औजार,उपकरण र सामाग्रीहरु:** एप्रोन, केप, ठुलो टावल, स्याम्पु, केप, टेल कोम्ब, बिग कोम्ब, ब्रस, स्याम्पु बेसिन, स्याम्पु चियर, स्याम्पु, कण्डिसनर, एयर क्याप, कटन

**सुरक्षा/साबधानीहरु:** • ग्राहकको आखाँ स्याम्पु/कण्डिसनबाट बचाइएको । •कानमा पानी पर्दा कान पाक्ने सक्ने खतरा बाट बचाइएको । • ग्राहक तथा आफ्नो कपडा भिज्नबाट बचाइएको ।

## कार्य विश्लेषण

कुल समय : ६ घण्टा
सैद्धान्तिक : १ घण्टा
व्यबहारिक : ५ घण्टा

**निर्दिष्ट कार्यः ५. रोलर सेट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने<br>३ ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने<br>४ आफुले एप्रोन लगाउने ।<br>५ ग्राहकको घाँटीको वरिपरि टावल राखि केप लगाइदिने ।<br>६ कपालको Thickness अनुसार ५ देखी ७ भागमा पार्टेशन गर्ने ।<br>७ ग्राहकको इच्छा र कपाल अनुसार रोलर छनौट गर्ने ।<br>८ Nape Area देखी कपालको लेयर लेयर लिदै सेटिङ्ग लोसन वा जेल लगाएर कपालको टुप्पोबाट रोलरमा कपाल इन वा आउट तरिकाबाट बेर्दै जरा सम्म जाने ।<br>९ सम्पुर्ण पार्टेशन गरिएको कपाललाई लेयर लेयरमा लिदै र सोही तरिका दोहऱ्याउदै जाने ।<br>१० रोलर गरि सकेपछि सम्पुर्ण रोलरलाई छोपिने गरि नेट लगाउने ।<br>११ हुट ड्रायरमा हट तापक्रम दिने समय सेट गर्ने ।<br>१२ रोलर गरि सकेको ग्राहकको रोल कपाललाई हुट ड्रायरमा १० देखी १५ मिनेट राख्ने ।<br>१३ रोलर सेट गरेको ३५ देखी ४५ मिनेट पुगेपछि शुरु र अन्तिम बेरिएको रोलर खोलेर चेक गर्ने ।<br>१४ रोलर नबसेमा १० देखी १५ मिनेट सम्म थप समय रोलर राख्ने ।<br>१५ रोलरलाई Nape area देखी बिस्तारै धुमाउदै खोल्दै जाने ।<br>१६ ग्राहकको रुचि अनुसार कपाल सेट गर्ने ।<br>१७ अन्त्यमा पुरै कपालमा सेटिङ्ग स्प्रे गरि दिने । | **अवस्था (दिइएको):**<br>आवश्यक औजार, उपकरण सहितको ब्युटी पार्लर, रोलर सेट गर्नु पर्ने ग्राहक<br><br>**निर्दिष्ट कार्य (के)**<br>रोलर सेट गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• निर्देशन अनुसार रोलर सेट लगाइएको<br>• एकनाशले रोलर बसेको हुनु पर्ने ।<br>• रोलर गरेको कपाल S आकारमा देखीएको<br>• कपालको भोलुम बढेको । | **रोलर सेट**<br>• परिभाषा<br>• महत्व<br>• प्रकार<br>• बनोट<br>• विधि/नियम<br>• रोलरको प्रयोग<br>• रोलर लगाउने विधी<br>• केश विभाजन गर्ने विधी<br><br>**हुट ड्रायर**<br>• परिभाषा<br>• महत्व<br>• प्रकार<br>• बनोट<br>• टाइमर सेट गर्ने बिधी<br>• सावधानी अपनाउने<br><br>**कपाल कोर्ने**<br>• परिभाषा<br>• महत्व<br>• प्रकार<br>• कपाल कोर्ने विधी |

**आवश्यक औजार/उपकरणः** स्याम्पु बेसिन, कुर्ची, तौलिया, कोम्ब, बुरुस, विभिन्न प्रकारका रोलरहरु, बब पिन, ज्याक पिन, क्लिपहरु, हुड ड्रायर, बाटर स्प्रे, हेयर स्प्रे, नेट, हेयर मूज, हेयर जेल, टेल कम्ब, एप्रोन, इयर क्याप ।

**सुरक्षा/साबधानीहरुः** ● रोलर राख्दा, कपाल राख्दा र सुकाउँदा पूर्व सावधानी लिने । ● आवश्यक सामाग्री छनोट गर्दा पूर्व सावधानी लिएर सजग रहने । ● ब्लड प्रेसर हाइ हुने ग्राहकलाई हुट ड्रायरमा नराख्ने । ● हिट एलर्जिबाट सबधानि अपनाउने ।

## कार्य विश्लेषण

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
व्यबहारिक : ७ घण्टा

**निर्दिष्ट कार्यः ६. ब्लो ड्राई सेटिङ्ग गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ औजार, उपकरण तथा आवश्यक सामाग्रीहरु संकलन गर्ने ।<br>३ ग्राहकलाई आरामदायी तरिकाले ऐनाको सामुन्ने बसाउने ।<br>४ ग्राहकको घांटी देखी तल टावल राखी केप लगाउने ।<br>५ ग्राहकको कपाल कटिङ्गको सेप अनुसार पार्टेशन गर्ने ।<br>६ आवश्यकता अनुसार ग्राहकको कपालमा पानी स्प्रे गर्ने ।<br>७ ग्राहकको कपाल देखी कम्तीमा ६ इन्चको दुरीमा ड्रायर चलाउने ।<br>८ थोरै थोरै कपाल लिदै माथि देखी तल सम्म ब्रस र ड्रायरको सहायताले टुप्पोमा लग्दै रोल गर्ने ।<br>९ माथिको प्रकृया दोहराउदै पुरै कपालमा सेट गर्ने ।<br>१० पुरै कपाल सेट गरिसके पछि हेयर स्प्रे गर्ने । | **अवस्था (दिइएको):**<br>औजार, उपकरण, सामाग्रीहरु सहितको पार्लर<br>सफा कपाल सहितको ग्राहक<br>**निर्दिष्ट कार्य (के):**<br>ब्लो ड्राई सेटिङ्ग गर्ने ।<br>**स्तर (कति राम्रो):**<br>कपालको स्टाइल अनुसारको ब्लो ड्राई सेट गरिएको । | ● ब्लो ड्राईको परिचय, महत्व<br>● स्टाइयल अनुसार इन र आउट तरिका<br>● कपाल अनुसारको ब्रसको छनौट<br>● ड्रायरको तापक्रम सेट गर्ने ज्ञान । |

**औजार,उपकरण र सामाग्रीहरुः** एप्रोन, हेयर ड्रायर, टावल, केप, ज्याक पिन, टेलकम, वाटर स्प्रे, ब्रस, हेयर स्प्रे

**सुरक्षा/साबधानीहरुः** ● हेयर ड्रायरको तापक्रम सहि तरिकाबाट मिलाइएको ● हेयर ड्रायर र कपालको दुरी ६ इन्च भन्दा बढि राखिएको । ● डयामेज कपालमा ब्लो ड्राई नगरिएको । ● आवश्यकता अनुसार हिट प्रोटेक्टर प्रयोग गरिएको ।

## कार्य बिश्लेषण

कुल समय : १० घण्टा
सैद्धान्तिक : २ घण्टा
ब्यबहारिक: ८ घण्टा

**निर्दिष्ट कार्य: ७. Hair Oil Massage गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ औजार, उपकरण तथा आवश्यक सामाग्रीहरु संकलन गर्ने ।<br>३ ग्राहकलाई आरामदायी चियरमा बसाउने ।<br>४ ग्राहकको घाँटी बरिपरी रुमाल राख्ने र त्यस माथि केप लगाई दिने ।<br>५ फोहर भएमा कपाललाई स्याम्पु गरेर सुक्न दिने ।<br>६ ग्राहकको ईच्छा र कपाल अनुसार बाउलमा मनतातो तेल राख्ने ।<br>७ ग्राहकको कपाललाई बिगकोमको सहायताले लट्टाफुट्ने गरि कोरने<br>८ टेल कोमले ५ मिनेट सम्म छालामा छुने गरि कोर्ने ।<br>९ हेयर लाईन वरिपरि १ इन्च कपाल छोडी बिचको कपालमा आधा इन्चको फरकमा लेयर छुट्टयाउदै कटनको सहायताले कपालको जरा देखि टुप्पा सम्म तेल लगाउदै जाने ।<br>१० सम्पुर्ण कपालमा तेल लगाई सकेपछि ५ मिनेट जाति फेरी कपाल कोर्ने ।<br>११ ग्राहकको टाउकोमा २० मिनेट सम्म मसाज मुमेन्टहरु गर्ने ।<br>१२ १५ देखि २० मिनेट पछि Steamer अथवा Hot towel बाट ५ देखी ७ मिनेट Stem दिन।<br>१३ त्यस पछि करिब १ देखि २ घण्टा पछाडी स्याम्पु गर्ने ।<br>१४ स्याम्पु गरेको कपाललाई सफा रुमालले कपालको पानी सोस्ने ।<br>१५ ग्राहकको कपाल सुकि सके पछि कपाल कोरी सेट गरिदिने । | **अवस्था (दिइएको):**<br>औजार, उपकरण, सामाग्रीहरु सहितको पार्लर, Hair Oil Massage गर्नु पर्ने ग्राहक<br><br>**निर्दिष्ट कार्य (के):**<br>**Hair Oil Massage गर्ने ।**<br><br>**स्तर(कति राम्रो):**<br>• कपालको जरा जरामा भिजने गरि तेल लगाईएको, मसाज गरिएको ।<br>• कपाल चमक तथा नरम देखिएको । | • **Hair Oil Massage** को परिचय, प्रकार<br>• Steamer को तापक्रमको मापदण्ड र समयको ज्ञान । |

**औजार,उपकरण र सामाग्रीहरु:** एप्रोन, केप, टावेल, स्याम्पु केप, टेलकोम्ब, बिगकोम्ब, ब्रस, स्याम्पु बेसिन, प्लाष्टिक, बाउल, स्याम्पु चियर, हेयर ब्रस, मिरर, एयर क्याप, कपालको प्रकार अनुसारको oil, steamer, hot towel, cotton

**सुरक्षा/सावधानीहरु:** • तेल निधारमा आउनु हुदैन •मसाज गर्दा hard massage हुनु हुदैन । •कानमा पानी पर्नबाट बचाइएको । •कपडा भिज्नबाट बचाउने ।

## कार्य विश्लेषण

कुल समय : ९ घण्टा
सैद्धान्तिक : १ घण्टा
ब्यबहारिक : ८ घण्टा

**निर्दिष्ट कार्य: ८. Temporary Hair Iron गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने ।<br>३ ग्राहकलाई ऐनाको सामुन्ने आरामदायी कुर्चीमा बसाउने ।<br>४ ग्राहकको घाँटी वरिपरि तौलिया राखी केप लगाउने ।<br>५ कपाललाई राम्रोसंग कोरेर पार्टेशन गर्ने ।<br>६ ग्राहकको कानमा क्याप लगाईदिने ।<br>७ कपाल र आइरनको प्रकार अनुसार आईरन सेट गर्ने ।<br>८ आईरनको तापक्रम चेक गर्ने ।<br>९ ग्राहकको कपालमा हिट प्रोटेक्टर स्प्रे गर्ने ।<br>१० पार्टेशन गरेको कपाललाई Nape एरियाबाट थोरै थोरै लेयर लिदै माथीबाट तल तान्दै जाने ।<br>११ यो प्रकृया अन्तिम सम्म दोहर्‍याउने ।<br>१२ ग्राहकको इच्छा अनुसार कपाल कोरी सेट गरिदिने । | **अवस्था (दिइएको):**<br>आवश्यक औजार र उपकरण सहितको ब्युटी पार्लर, सफा कपाल सहितको ग्राहक ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>Temporary Hair Iron गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>कपालका रेशाहरु सिधा तथा लचकदार भएको । | • Hair Iron को परिभाषा,महत्व<br>• आइरनको तापक्रम सेट गर्ने ज्ञान ।<br>• आइरन प्रयोग गर्ने कार्यविधि<br>• सुरक्षाका लागि पूर्व सावधानी |

**आवस्यक औजार उपकरण:** बिगकोम्ब, टेलकोम्ब, टावेल, केप, एप्रोन, आइरन, ज्याकपीन, एयर क्याप, हिट प्रोटेक्टर, कटनको पञ्जा

**सुरक्षा र सावधानि :**

- आइरनको तापकम हाइ हुदा कपाल डड्ने र लो हुदा आइरन नबस्ने हुदा सावधानि अपनाउने ।• हातमा कटनको पञ्जा लगाउने ।
- आइरन तान्दा आइरनले कानतिर छुन नहुने • चिसो हातले समाउदा करेन्ट लाग्ने हुदा सावधानि अपनाउने ।

## सब मोड्युल २.२: हेयर पुटअप

| समय : ७ घण्टा (सै) + ५१ घण्टा (ब्या) = ५८ घण्टा |
|---|
| **वर्णन:** यो मोड्युल केश कर्तन र हेयर स्टाइल सम्बन्धी काम गर्दा ड्रेसरले कामको ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले निर्माण गरिएको छ । विशेष गरी यसमा खासगरि बिभिन्न प्रकारका पुटअप(जुरो)हरु बनाउने कार्यको विस्तृत विवरण दिइएको छ ।<br><br>**उद्देश्यहरु:-** यो मोड्युलको समाप्तिपछि प्रशिक्षार्थीहरु तलका कुरा गर्न समर्थ हुनेछन् :-<br><br>१ १. फ्रेन्च नट बनाउने<br>२ मोडल जुरो बनाउने ।<br>३ राउण्ड बन बनाउने<br>४ फ्यान्सी बन बनाउने<br>५ क्रस बन बनाउने ।<br>६ जापानिज वन बनाउने ।<br>७ Bridal Ban बनाउने<br><br>**कार्यहरु**<br>१. फ्रेन्च नट बनाउने<br>२. मोडल जुरो बनाउने ।<br>३. राउण्ड बन बनाउने<br>४. फ्यान्सी बन बनाउने<br>५. क्रस बन बनाउने ।<br>६. जापानिज वन बनाउने ।<br>७. Bridal Ban बनाउने |

# कार्य विश्लेषण (Task Analysis)

हेयर पुटअप

## कार्य विश्लेषण

कुल समयः ८ घण्टा
सैद्धान्तिकः १ घण्टा
प्रयोगात्मकः ७ घण्टा

**निर्दिष्ट कार्य नं. १: फ्रेन्च नट बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ ग्राहकको स्वागत गर्ने<br>२ आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने<br>३ ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने<br>४ ग्राहकको घाँटीको वरिपरी तौलिया राख्ने<br>५ सबै कपालमा ब्याक कोम गरि रोल गर्ने<br>६ कपाल रेशमी भएमा स्प्रे छरेर पछाडि तिर जाने गरी कपाल कोर्ने<br>७ सबै कपाल बटारेर कोन जस्तो बनाई यु-पिन लगाउने ।<br>८ जुरो माथिको हेयर नेट निकालि ग्राहकको इच्छा अनुसार ग्लिटर स्प्रे गर्ने ।<br>९ मोती र विभिन्न फूलले सजाउने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर, चायाँदार छाला भएको ग्राहक, आवश्यक औजार र उपकरण ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>फ्रेन्च नट बनाउने<br><br>**स्तर (कति राम्रो):**<br>कपाल कोन आकारमा राखिएको, कपाल सुन्दर देखिएको, नयाँ स्वरुप र स्मार्टनेस देखिएको । | फेन्च नट<br>● परिभाषा<br>● महत्व<br>● केशको प्रकार र स्वरुप<br>● ग्राहकको मुखाकृतिको विशेषता<br>● प्रयोग<br>● कार्यविधि<br>● सुरक्षाका लागि पूर्व सावधानी |

**आवश्यक औजार उपकरणः** काँगियो, यु-पिन (सानो-ठूलो), बब पिन, सेटिंग, स्प्रे, जेल, सजाउने पीन र फूलहरु, Hair Net, Dryer ।

**सुरक्षा तथा साबधानि :** पिन चलाउँदा होशियार हुने । टाउकोको सेन्टर भागमा फ्रेन्च नट गराइएको ।

## कार्य विश्लेषण

कुल समयः ८ घण्टा
सैद्धान्तिकः १ घण्टा
प्रयोगात्मकः ७ घण्टा

**निर्दिष्ट कार्य नं २ : मोडल जुरो बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ ग्राहकको स्वागत गर्ने ।<br>२ आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने ।<br>३ ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने ।<br>४ टावल घाँटीको वरिपरि राखिदिने ।<br>५ कपाल खण्ड खण्ड गर्ने (कानदेखि कानसम्म)।<br>६ कपालको विच भागबाट सानो खण्ड लिने ।<br>७ कपाल राम्रो संग बटार्ने ।<br>८ पछाडिको कपाललाई क्राउन एरियाको भागमा लगी पिन अप गर्ने ।<br>९ दुवै छेउमा एउटै विधि अपनाउने<br>१० बाँकी कपालमा ग्राहकको चाहना अनुसारको शैली प्रदान गर्ने ।<br>११ जुरो माथिको हेयर नेट निकालि ग्राहकको इच्छा अनुसार ग्लिटर स्प्रे गर्ने ।<br>१२ सजावट गर्ने पिनले कपाल सजाउने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर, चायाँदार छाला भएको ग्राहक, आवश्यक औजारर उपकरण ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>मोडल जुरो बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>उम्रिएको/टुक्रिएको कपाललाई राम्रो संग कसिने गरि जुरो बनाइएको ।<br>जुरो राम्रोसंग कसिएको ।<br>प्रत्येक लेयर निकालिएको तथा सिउदो निकालिएको भाग बराबर देखिएको । | ● परिभाषा<br>● महत्व<br>● केशको प्रकार र स्वरुप<br>● ग्राहकको मुखाकृतिको विशेषता<br>● प्रयोग<br>● कार्यविधि<br>● सुरक्षाका लागि पूर्व सावधानी |

**आवश्यक औजार उपकरणः** काँगियो, यु-पिन, बब पिन, सेटिंग स्प्रे, ग्लिटर स्प्रे, जेल, सजाउने पिन र फूलहरु, Hair Net, Dryer

**सुरक्षा तथा सावधानिः** हेशियारपूर्वक पिनहरु छालामा नछुने गरि प्रयोग गर्ने ।

## कार्य विश्लेषण

कुल समय: ८ घण्टा
सैद्धान्तिक: १ घण्टा
प्रयोगात्मक: ७ घण्टा

**निर्दिष्ट कार्य नं ३ : राउण्ड जुरो बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ग्राहकको स्वागत गर्ने<br>२. आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने<br>३. ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने<br>४. ग्राहकको घाँटी वरिपरि तौलिया राख्ने<br>५. कपाल कार्ने<br>६. पोनी टेल बनाउने<br>७. कपाललाई ४ भागमा छुट्याउने<br>८. यी चार भागलाई एक अर्कामा ब्याक कोम गर्दै रोल गरि जोड्ने ।<br>९ चार भाग लगाई रोल गरेको कपाललाई जोड्र एउटै बनाउने ।<br>१०. एक अर्का देखि फरक भएमा रोलर पिन अप गर्ने ।<br>११. जुरो माथिको हेयर नेट निकालि ग्राहकको इच्छा अनुसार ग्लिटर स्प्रे गर्ने ।<br>१२ फूल र मोतीले सजाउने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर, चायाँदार छाला भएको ग्राहक, आवश्यक औजार र उपकरण<br><br>**निर्दिष्ट कार्य (के):**<br>राउण्ड जुरो बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>● राम्रो लुक दिएको ।<br>● साधारण तर राम्रो व्यक्तित्व देखिएको<br>● जुरो राउण्ड सेपमा देखिएको । | राउण्ड बन<br><br>● राउण्ड बनको परिभाषा<br>● राउण्ड "बन"को प्रयोग कार्यविधि<br>● सुरक्षाका लागि पूर्व सावधानी |

**औजार,उपकरण र सामाग्रीहरु:** एप्रोन, हेयर ड्रायर, टावल, केप, ज्याक पिन, टेलकम, वाटर स्प्रे, ब्रस, Hair Net, Dryer

**सुरक्षा/साबधानीहरु:** ● हेयर ड्रायरको तापक्रम सहि तरिकाबाट मिलाइएको ● हेयर ड्रायर र कपालको दुरी ६ इन्च भन्दा बढि राखिएको । ● डयामेज कपालमा ब्लो ड्राई नगरिएको । ● आवश्यकता अनुसार हिट प्रोटेक्टर प्रयोग गरिएको ।

## कार्य विश्लेषण

कुल समय: ८ घण्टा
सैद्धान्तिक :१ घण्टा
प्रयोगात्मक: ७ घण्टा

**निर्दिष्ट कार्य नं ४ : फ्यान्सी जुरो बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ग्राहकको स्वागत गर्ने<br>२. आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने<br>३. ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने<br>४. ग्राहकको घाँटी वरिपरि तौलिया राख्ने<br>५. क्राउन एरियामा सबै कपाललाई समेटेर पोनीटेल बनाउने ।<br>६. कपालभरि लोसन लगाउने ।<br>७ पोनिटेल गरेको कपाललाई ५ भागमा छुट्याउने ।<br>८. बिचको भाग कपाल छोडी चार भाग कपाललाई चारैतिर पिनअप गर्ने ।<br>९. पिनअप गरिएको कपाललाई आउट रोल गर्ने ।<br>१०. बिचको भाग कपाललाई बाट्रेर डिजाइन दिने ।<br>११. गोलो फेन्सी आकारको जुरोको सबै भागमा हेयर स्प्रे गर्ने ।<br>१२. बनाइएको जुरोमा हेयर नेट राखि ड्रायर गर्ने ।<br>१३. जुरो माथिको हेयर नेट निकालि ग्राहकको इच्छा अनुसार ग्लिटर स्प्रे गर्ने ।<br>१४. ग्राहकको इच्छा अनुसार show पिनले सजाउने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर, ग्राहक, आवश्यक औजार र उपकरण ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>फ्यान्सी जुरो बनाउने ।<br><br>**स्तर (कति राम्रोसंग)**<br>जुरो आकर्षक देखिएको, जुरोको रोल एक अर्कामा नजोडिएको, जुरो राम्रोसंग कसिएको, फिनिसिङ्ग जुरोमा सम्पुर्ण टुक्रा कपाल समेटिएको । | फ्यान्सी जुरो<br><br>● फ्यान्सी जुरोको परिभाषा<br>● फ्यान्सी "जुरो" को प्रयोग कार्यविधि<br>● सुरक्षाका लागि पूर्व सावधानी |

**आवस्यक औजार उपकरण:** U पिन, बब पिन, टेल कोम,बिग कोम, ब्याक कोम, रबर व्याण्ड, जेल, हेयर स्प्रे र सजाउने पिन, Hair Net, Dryer

**सुरक्षा तथा सावधानि:** पीनको प्रयोग गर्दा सावधानी अपनाउने । कपाल प्राकृतिक तवरले रेशमी भएमा जेल प्रयोग गर्ने । हेयर स्प्रे गर्दा अनुहारमा नपर्ने गरि गरिएको ।

## कार्य विश्लेषण

कुल समयः ८ घण्टा
सैद्धान्तिकः १ घण्टा
प्रयोगात्मकः ७ घण्टा

**निर्दिष्ट कार्य नं ५: क्रस नट (जुरो) बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने<br>३ ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने<br>४ ग्राहकको घाँटी वरिपरि तौलिया राख्ने<br>५ सम्पुर्ण कपाल लाई Big Comb ले कारी लट्टा फुटाउने ।<br>६ Tail Comb को सहायताले कपाल कार्ने, सम्याउने ।<br>७ कानदेखि कान सम्मको कपालको भाग छुट्याई कोर्ने ।<br>८ ग्राहकको अनुहारको बनावट अनुसार ब्याककोम्ब गरी पफ उठाउने वा कुनै पनि स्टाइल दिने ।<br>९ सेन्टर एरियामा लगी कपाल पोनिटेल गर्ने ।<br>१० माथिको थोरै कपाल लिने र जेल लगाउदै in roll गरि pin लगाउने ।<br>११ दायांको कपाल वायां र वायांको कपाल दायां क्रसगरि roll गर्दै pinup गर्ने<br>१२ सोहि तरिकाबाट कम्ती पनि ३/३ पटक सम्म दायां कपाल वायां र वांया कपाल दायां गरि क्रस गरि roll गर्ने ।<br>१३ अन्तिमको थोरै कपाललाई in roll गरि pin up गर्ने ।<br>१४ सबै कपालमा हेयर स्प्रे गर्ने ।<br>१५ बनाइएको जुरोमा हेयर नेट राखि ड्रायर गर्ने ।<br>१६ जुरो माथिको हेयर नेट निकालि ग्राहकको इच्छा अनुसार ग्लिटर स्प्रे गर्ने<br>१७ विभिन्न डेकोरेशन पिनहरुले जुरोलाई सजाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक औजार र उपकरण सहितको ब्युटी पार्लर, क्रस नट (जुरो) बनाउने ग्राहक ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>क्रस नट (जुरो) बनाउने ।<br><br>**स्तर(कति राम्रो):**<br>• जुरो आकर्षक देखिएको<br>• अनुहारको सेप अनुसार सुहाउदो क्रस जुरो बनाइएको ।<br>• ३ वा सो भन्दा बढी क्रस गरिएको | • क्रसनट (जुरो)को परिभाषा, प्रयोग र कार्यविधि<br>• सुरक्षाका लागि पूर्व सावधानी<br>• फेस र कपालको थिकनेस अनुसार : क्रसनट (जुरो) बनाउने ज्ञान । |

**आवस्यक औजार उपकरणः** ब्याककोम्ब, टेलकोम्ब, टावेल, केप, एप्रोन, हेयर स्प्रे, ज्याकपीन, U-Pin, Bob Pin, Invisible Pin, Decoration Pin, Net, Glitter Spray, Hair Net, Dryer

**सुरक्षा र सावधानि :** पिनहरुको प्रयोग गर्दा जथाभावी घोच्न नहुने । हेयर स्प्रे गर्दा अनुहारमा नपर्ने गरि गरिएको ।

## कार्य विश्लेषण

कुल समयः ८ घण्टा
सैद्धान्तिकः १ घण्टा
प्रयोगात्मकः ७ घण्टा

**निर्दिष्ट कार्य नं ६ :जापनिज वन बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने<br>३ ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने<br>४ ग्राहकको घाँटी वरिपरि तौलिया राख्ने<br>५ सम्पुर्ण कपाल लाई Big Comb ले कारी लट्टा फुटाउने ।<br>६ Tail Comb को सहायताले कपाल कार्ने, सम्याउने ।<br>७ कानदेखि कान सम्मको कपालको भाग छुट्याई कोर्ने ।<br>८ ग्राहकको अनुहारको बनावट अनुसार ब्याककोम्ब गरी पफ उठाउने वा कुनै पनि स्टाइल दिने ।<br>९ सेन्टर एरियामा लगी सबै कपाल पोनिटेल गर्ने ।<br>१० तल र माथिको कपाललाई २ भाग बराबर हुने गरि बिचमा थोरै भाग छुट्याउने ।<br>११ माथिको कपालको भागलाई माथि नै र तलको भागलाई तल नै Back Comb गरि in roll गरि pin up गर्ने ।<br>१२ बांकी बिचको कपाललाई कुनै एक साइडमा पिन अप गर्दै इन रोल गरि आर्को साईडमा पिन अप गर्ने ।<br>१३ सबै कपालमा हेयर स्प्रे गर्ने ।<br>१४ बनाइएको जुरोमा हेयर नेट राखि ड्रायर गर्ने ।<br>१५ जुरो माथिको हेयरनेट निकालि ग्राहकको इच्छा अनुसार ग्लिटरस्प्रे गर्ने ।<br>१६ विभिन्न डेकोरेशन पिनहरुले जुरोलाई सजाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक औजार र उपकरण सहितको ब्युटी पार्लर, : जापनिज वन बनाउने ग्राहक ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>जापनिज वन बनाउने ।<br><br>**स्तर(कति राम्रो):**<br>• जुरो आर्कषक देखिएको ।<br>• अनुहारको सेप अनुसार सुहाउदो जापनिज वन बनाइएको ।<br>• फिनिसिङ्ग जुरोमा सम्पुर्ण टुक्रा कपाल समेटिएको । | • जापनिज वनको परिभाषा, प्रयोग र कार्यविधि<br>• सुरक्षाका लागि पूर्व सावधानी<br>• फेस र कपालको थिकनेस अनुसार जापनिज वन बनाउने ज्ञान । |

**आवस्यक औजार उपकरणः** ब्याककोम्ब, टेलकोम्ब, टावेल, केप, एप्रोन, हेयर स्प्रे, ज्याकपीन, U-Pin, Bob Pin, Invisible Pin, Decoration Pin, Net, Glitter Spray, Hair Net, Dryer

**सुरक्षा र सावधानि :** पिनहरुको प्रयोग गर्दा जथाभावी घोच्न नहुने । हेयर स्प्रे गर्दा अनुहारमा नपर्ने गरि गरिएको ।

# कार्य विश्लेषण

कुल समयः ९ घण्टा
सैद्धान्तिकः १ घण्टा
प्रयोगात्मकः ८ घण्टा

**निर्दिष्ट कार्य नं ७ :ब्राइडल बन बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने । <br> २ आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने <br> ३ ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने <br> ४ ग्राहकको घाँटी वरिपरि तौलिया राख्ने <br> ५ कानदेखि कान सम्मको कपालको भाग छुट्याई कोर्ने । <br> ६ ग्राहकको अनुहारको बनावट अनुसार ब्याककोम्ब गरी पफ उठाउने वा कुनै पनि स्टाइल दिने । <br> ७ कपाललाई बाँधेर वा लेयर, लेयर निकाल्दै रोल गर्दै जाने । <br> ८ यहि तरिकाले पुरै कपालमा इन वा आउट रोल गर्दै पिन लगाउदै जाने । <br> ९ सबै कपालमा हेयर स्प्रे गर्ने । <br> १० पुरै कपालमा नेटले छोपी ड्रायर गर्ने । <br> ११ पूरा कपालमा ग्लीटर स्प्रे गर्ने । <br> १२ डेकोरेशन पिनहरुले सजाउने । | **अवस्था (दिइएको):** <br> आवश्यक औजार र उपकरण सहितको ब्युटी पार्लर, ब्राइडल बन बनाउने ग्राहक <br><br> **निर्दिष्ट कार्य (के):** <br> ब्राइडल बन बनाउने । <br><br> **स्तर(कति राम्रो):** <br> • कपाल सुन्दर देखिएको <br> • अनुहारको सेप अनुसार सुहाउदो जुरो बनाइएको । <br> • साधारण जुरो भन्दा भिन्न र आर्कषक देखिएको । | • ब्राइडल बनको परिभाषा, प्रयोग र कार्यविधि <br> • सुरक्षाका लागि पूर्व सावधानी <br> • फेस र कपालको थिकनेस अनुसार ब्रइडल बन बनाउने ज्ञान । |

**आवस्यक औजार उपकरणः** ब्याककोम्ब, टेलकोम्ब, टावेल, केप, एप्रोन, हेयर स्प्रे, ज्याकपीन, डेकुरेसनपिन, U-Pin, Bob Pin, Invisible Pin, Decoration Pin, Hair Net, Glitter Spray, Hair Dryer .

**सुरक्षा र सावधानि :** पिनहरुको प्रयोग गर्दा जथाभावी घोच्न नहुने ।
हेयर स्प्रे गर्दा अनुहारमा नपर्ने गरि गरिएको ।

## सब मोड्युल २.३: हेयर कटिङ्ग

समय : १५ घण्टा (सै) + ६० घण्टा (व्या) = ७५ घण्टा

**वर्णन:**

यो मोड्युल केश कर्तन र हेयर स्टाइल सम्बन्धी काम गर्दा ड्रेसरले कामको ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले निर्माण गरिएको छ। विशेष गरी यसमा केश कर्तन, केश मिलान, केशको शैली मिलाउने कार्यको विस्तृत विवरण दिइएको छ।

**उद्देश्यहरु:-** यो मोड्युलको समाप्तिपछि प्रशिक्षार्थीहरु तलका कुरा गर्न समर्थ हुनेछन् :-

१ सिधा (स्टेट) हेयर कट गर्ने।
२ U सेप हेयर कट गर्ने
३ V सेप हेयर कट गर्ने।
४ मल्टी स्टेप हेयर कट गर्ने
५ थ्रि स्टेप हेयर कट गर्ने
६ ब्लन्ट हेयर कट गर्ने
७ लेडिज ब्वाइज हेयर कट गर्ने
८ Fringe (Front) हेयर कट गर्ने
९ हाफ श्यागी हेयर कट गर्ने
१० Wedge (Mushroom) हेयर कट गर्ने

**कार्यहरु**

१. सिधा (स्टेट) हेयर कट गर्ने।
२. U सेप हेयर कट गर्ने
३. V सेप हेयर कट गर्ने।
४. मल्टी स्टेप हेयर कट गर्ने
५. थ्रि स्टेप हेयर कट गर्ने
६. ब्लन्ट हेयर कट गर्ने
७. लेडिज ब्वाइज हेयर कट गर्ने
८. Fringe (Front) हेयर कट गर्ने
९. हाफ श्यागी हेयर कट गर्ने
१०. Wedge (Mushroom) हेयर कट गर्ने

# कार्य विश्लेषण (Task Analysis)
## हेयर कटिङ्ग

## कार्य विश्लेषण

कुल समय: ८ घण्टा
सैद्धान्तिक: २ घण्टा
प्रयोगात्मक: ६ घण्टा

**निर्दिष्ट कार्य नं १ : सिधा (स्टेट) हेयर कट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण सामग्री तयार पार्ने ।<br>३ ग्राहकलाई Cutting Chair मा बसाल्ने ।<br>४ आफुलेएप्रोनलगाईग्राहकको धाँटीकोवरिपरिटावलराखीकेप लगाई दिने<br>५ ग्राहकको कपाल फोहर भएमा स्याम्पु गरि दिने ।<br>६ ग्राहकको कपालसफाछ भने ८०% भिजाई चारभागमा पार्टेशन गर्ने<br>७ ग्राहकको अनुमति लिएर पहिलो लेयरको बक्स एरियाको कपाल सिधा काटी गाइड लाइन बनाउने ।<br>८ यहि प्रकारले छेउछेउको कपाल पनि गाइडलाइनको आधारमा सिधा काट्दै जाने<br>९ पहिलो लेयर जस्तै दोश्रो तेश्रो गरी सबै कपाल गाइडलाईन लिदै हल्का टाउको निहुराएर सिधा काट्ने ।<br>१० Ear to Ear को कपाल कुमको सिधा लगेर पछाडिको गाइडलाइन लिई सिधा नै काट्ने ।<br>११ पुरै कपाल काटिसकेपछि छेउछेउको कपाल बिचमा ल्याएर ग्राहकको टाउको निहुर्‍याएर चेक गर्ने यदि नमिलेको भए मिलाएर काट्ने ।<br>१२ ग्राहकको इच्छा र कटिङ्ग अनुसार सुकाउने र सेटिङ्ग गर्ने ।<br>१३ ग्राहकसंग Feedback लिने । | **अवस्था (दिइएको):**<br>औजार, उपकरण तथा सामाग्री सहितको ब्युटिपार्लर, Straight Cutting गर्नु पर्ने सफा कपाल भएको ग्राहक ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>सिधा (स्टेट) हेयर कट गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● हेर्दा सिधा देखिने कपाल काटिएको<br>● लामो छोटो नभई बराबर भएको कपाल काटिएको । | ● Straight Cutting को परिचय, महत्व<br>● कस्तो कपालमा Straight Cutting हुन्छ र राम्रो देखिन्छ भन्ने ज्ञान |

**ज्यावल तथा उपकरण:** कैंची, एप्रोन, केप, टावल, कटिङ्ग चियर, ज्याकपिन, टेलकम, विगकम, स्प्रे बोतल, हेयर ड्रायर, ऐना ।

**सुरक्षा तथा सावधानी:** ● कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । ● हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।

## कार्य विश्लेषण

कुल समय: ७ घण्टा
सैद्धान्तिक: १ घण्टा
प्रयोगात्मक:६ घण्टा

**निर्दिष्ट कार्य नं २ : U सेप हेयर कट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण सामग्री तयार पार्ने ।<br>३ ग्राहकलाई Cutting Chair मा बसाल्ने ।<br>४ आफुलेएप्रोनलगाईग्राहकलाईधाँटीकोवरिपरिटावलराखीकेप लगाई दिने<br>५ ग्राहकको कपाल फोहर भएमा स्याम्पु गरि दिने ।<br>६ ग्राहकको कपाल सफा छ भने ८०% भिजाई चार भागमा पार्टेशन गर्ने ।<br>७ ग्राहकको कपाललाई सेन्टर पार्टेशन गरी दुबै साइडको कपाललाई दुबै साइडको कुम सिधा लाने ।<br>८ ग्राहकको इच्छा अनुसारको लम्बाई राखी पहिला एक साइडको कपाल $0^\circ$ मा काट्ने ।<br>९ अर्को साइडको कपाल पनि शुरुमा काटेका गाइडलाईन लिई $0^\circ$ मा नै कटिङ्ग गर्ने<br>१० सोही प्रकारले सम्पुर्ण कपाल लेयर लेयरमा छुट्याउँदै काट्दै जाने ।<br>११ कपाल काटिसकेपछि छेउछेउको कपाल बिचमा ल्याएर चेक गर्ने । यदि नमिलेको भए U सेपमा नै मिलाएर काट्ने ।<br>१२ ग्राहकको इच्छा र कटिङ्ग अनुसार सुकाउने र सेटिङ्ग गने ।<br>१३ ग्राहकसंग Feedback लिने । | **अवस्था (दिइएको):**<br>औजार, उपकरण तथा सामाग्री सहितको ब्युटिपार्लर, U-Cutting गर्नु पर्ने सफा कपाल भएको ग्राहक<br><br>**निर्दिष्ट कार्य (के):**<br>U सेप हेयर कट गर्ने<br>**स्तर (कति राम्रो):**<br>● हेर्दा U-Shape गरी कपाल काटिएको ।<br>● कपाल लामोछोटो नहुने गरी एकनासको मिलेको र बराबर हुने गरी U-Shape मा काटिएको । | ● U-Shape Cutting को परिचय, महत्व को ज्ञान<br>● कस्तो कपालमा U-Shape Cutting हुन्छ र राम्रो देखिन्छ भन्ने ज्ञान । |

**ज्यावल तथा उपकरण:** कैंची, एप्रोन, केप, टावल, कटिङ्ग चियर, ज्याकपिन, टेलकोम्ब, विगकोम्ब, स्प्रे बोतल, हेयर ड्रायर, ऐना

**सुरक्षा तथा सावधानी:** ● कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । ● हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।

# कार्य विश्लेषण

कुल समय : ७ घण्टा<br>सैद्धान्तिक : १ घण्टा<br>व्यबहारिक : ६ घण्टा

**निर्दिष्ट कार्यः ३. V-Shape Cutting गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण सामग्री तयार पार्ने ।<br>३ ग्राहकलाई Cutting Chair मा बसाल्ने ।<br>४ आफुलएप्रोनलगाईग्राहकलाईघाँटीकोवरिपरिटावलराखीकेपलगाई दिने<br>५ ग्राहकको कपाल फोहर भएमा स्याम्पु गरि दिने ।<br>६ ग्राहकको कपाल सफा छ भने ८०% भिजाई चार भागमा पार्टेशन गर्ने ।<br>७ ग्राहकको कपाललाई सेन्टर पार्टेशन गरी दुबै साइडको कपाललाई दुबै साइडको कुम सिधा लाने ।<br>८ ग्राहकको इच्छा अनुसारको लम्बाई राखी पहिला एक साइडको कपाल ०° मा कुमका अगाडि V सेपमा औंला छड्काई काट्ने ।<br>९ अर्को साइडको कपाललाई पनि शुरुमा काटेको गाइडलाईन लिई ०° मा V सेपमा औंला छड्काई काट्ने ।<br>१० सोही प्रकारले सम्पुर्ण कपाल लेयर लेयरमा छुट्याउँदै काट्दै जाने ।<br>११ कपाल काटिसकेपछि छेउछेउको कपाल बिचमा ल्याएर चेक गर्ने । यदि नमिलेको भए V सेपमा नै मिलाएर काट्ने ।<br>१२ ग्राहकको इच्छा र कटिङ्ग अनुसार सुकाउने र सेटिङ्ग गने ।<br>१३ ग्राहकसंग Feedback लिने । | **<u>अवस्था (दिइएको):</u>**<br>औजार, उपकरण तथा सामाग्री सहितको ब्युटिपार्लर, V-Cutting गर्नु पर्ने सफा कपाल भएको ग्राहक<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>V-Shape Cutting गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>• हेर्दा V-Shape गरी कपाल काटिएको<br>• कपाल लामोछोटो नहुने गरी एकनासको मिलेको र बराबर हुने गरी V-Shape मा काटिएको । | • V-Shape Cutting को परिचय, महत्व को ज्ञान<br>• कस्तो कपालमा V-Shape Cutting हुन्छ र राम्रो देखिन्छ भन्ने ज्ञान । |

**ज्यावल तथा उपकरणः** कैंची, एप्रोन, केप, टावल, कटिङ्ग चियर, ज्याकपिन, टेलकोम्ब, विगकोम्ब, स्प्रे बोतल, हेयर ड्रायर, ऐना

**सुरक्षा तथा सावधानीः** • कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । •हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।

# कार्य विश्लेषण

कुल समयः ८ घण्टा<br>सैद्धान्तिकः २ घण्टा<br>प्रयोगात्मकः ६ घण्टा

**निर्दिष्ट कार्य नं ४ : मल्टी स्टेप हेयर कट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ ग्राहकको स्वागत गर्ने<br>२ आवश्यक औजार/उपकरण र सामग्रीहरु संकलन गर्ने<br>३ ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने<br>४ ग्राहकको गर्धनमा तौलिया राख्ने<br>५ केशमा स्याम्पो लगाउने<br>६ कपालको लट्टा फुटाउने<br>७ कपाललाई चार भागमा विभाजित गरि पछाडिबाट कटिङ्ग शुरु गर्ने<br>८ नेप एरियाबाट पहिलो लेयर निकालि ग्राहको इच्छा अनुसार U वा V वा स्ट्रेट सेपमा ० डिग्रीमा काट्ने ।<br>९ ० डिग्रीमा काटि्एको कपाललाई गाईड लाईन लिएर दोस्रो लेयरको कपाललाई रुट फलो गर्दै कोरदै उठाउदै काट्दै जाने ।<br>१० सोहि तरिका अपनाउदै कपालको लम्बाई र ग्राहकको इच्छा अनुसार कानको भाग सम्म काट्दै जाने ।<br>११ कान साइडको दुई भाग कपाललाई गायड लाइन लिदै पउछाडि जस्तै गरि रुट फलो गर्दै उठाउदै काट्दै जाने ।<br>१२ ग्राहकको इच्छा र कटिङ्ग अनुसार सुकाउने वा सेटिङ्ग गने ।<br>१३ ग्राहकसंग Feedback लिने । | **<u>अवस्था (दिइएको):</u>**<br>ब्युटी पार्लर ग्राहक, आवश्यक सबै सामाग्रीहरु ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>मल्टी स्टेप हेयर कट गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>स्टेप बाई स्टेप केश कायम भएको, कपाल चिल्लो र ताजा दखिएको, सुन्दर केस्रा केस्रा स्वरुप प्रदान गरिएको । | <u>केश</u><br>• परिभाषा<br>• महत्व<br>• केशको प्रकार र स्वरुप<br>• यू आकारमा केश काट्ने विधि अपनाउनु पर्ने सावधानी |

**आवश्यक औजार/उपकरणः** कैंची, एप्रोन, केप, टावल, कटिङ्ग चियर, ज्याकपिन, टेलकोम्ब, विगकोम्ब, स्प्रे बोतल, हेयर ड्रायर, ऐना

**सुरक्षा तथा सावधानीः** एप्रोन लगाउने, होशियारी पूर्वक कैची चलाउने • कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । •हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च फरबाट चलाउनु पर्ने ।

## कार्य विश्लेषण

कुल समय:८ घण्टा
सैद्धान्तिक: २ घण्टा
प्रयोगात्मक: ६ घण्टा

**निर्दिष्ट कार्य नं. ५ थ्रि स्टेप हेयर कट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ग्राहकको स्वागत गर्ने ।<br>२. आवश्यक औजार उपकरण र सामग्रीहरु संकलन गर्ने ।<br>३. ग्राहकलाई आरामदायी कुर्चीमा बसाउने ।<br>४. ग्राहको घाँटीको वरीपरी तौलिया राख्ने<br>५. कपालमा स्यम्पु गर्ने<br>६. कपालको लट्टा फुटाउने<br>७. कपाललाई चार भागमा विभाजन गर्ने<br>८. नेप एरियाबाट पहिलो लेयर निकालि ग्राहको इच्छा अनुसार U वा V वा स्ट्रेट सेपमा ० डिग्रीमा काट्ने ।<br>९. पहिलो लेयरलाई गाईडलाइन लिदै दोस्रो लेयरको कपाललाई ३० डिग्रीमा उठाई काट्ने ।<br>१०. यसरि नै दोस्रो लेयरलाई गाइडलाइन मानि तेश्रो लेयरको कपाललाई ६० डिग्रीमा उठाई काट्ने ।<br>११. ग्राहकको इच्छा र कटिङ्ग अनुसार सुकाउने वा सेटिङ्ग गर्ने ।<br>१२. ग्राहकसंग Feedback लिने । | **<u>अवस्था (दिइएको):</u>**<br>व्यूटी पार्लर र ग्राहक एवं सबै आवश्यक औजार तथा उपकरण ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>थ्रि स्टेप हेयर कट गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>• थ्रि स्टेप स्प्रष्ट छुट्टिएको ।<br>• काटिएको कपाल अनुहार सुहाउदो आर्कषक देखिएको ।<br>• कपालको पहिलो लेयर भन्दा दोस्रो र तेस्रो लेयर छोटो स्टेपमा देखिएको । | **थ्रि स्टेप कटिङ्ग**<br>• परिभाषा<br>• महत्व<br>• कपालका प्रकार र बनावट<br>• ग्राहकको मुहारको विशेषता<br>• उपयोगगिता<br>• कार्य विधि<br>• सुरक्षाको लागि पूर्व सावधानी |

**आवश्यक औजार/उपकरण:** कैंची, एप्रोन, केप, टावल, कटिङ्ग चियर, ज्याकपिन, टेलकोम्ब, विगकोम्ब, स्प्रे बोतल, हेयर ड्रायर, ऐना

**सुरक्षा तथा सावधानी:** एप्रोन लगाउने, होशियारी पूर्वक कैची चलाउने । • कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । •हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।

## कार्य विश्लेषण

कुल समय: ६ घण्टा
सैद्धान्तिक: १ घण्टा
प्रयोगात्मक: ५ घण्टा

**निर्दिष्ट कार्य ६: ब्लन्ट हेयर कट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण सामग्री तयार पार्ने ।<br>३ ग्राहकलाई Cutting Chair मा बसाल्ने ।<br>४ आफुले एप्रोन लगाई ग्राहकलाई धाँटीको वरिपरि टावल राखी केप लगाई दिने<br>५ ग्राहकको कपाल सफा छ भने ८०% भिजाई चार भागमा पार्टेशन गर्ने ।<br>६ कपाललाई चार भागमा Partition गर्ने ।<br>७ पछाडिबाट First Layer छुत्याउने र त्यसबाट बक्स एरिया निकाली Nape Area मा छुवाएर सिधा काट्ने ।<br>८ गाइडलाइन भन्दा आधा इन्च लामो गर्दै कपाललाई $0^\circ$ मा काट्दै जाने ।<br>९ Ear to Ear कपाललाई पनि पछाडिको गाइडलाइन लिएर Same Process मा Cutting गर्दै जाने ।<br>१० ग्राहकको इच्छा र कटिङ्ग अनुसार सेटिङ्ग गर्ने वा सुकाउने ।<br>११ ग्राहकसित Feedback लिने । | **<u>अवस्था (दिइएको):</u>**<br>औजार उपकरण तथा सामाग्री सहितको ब्युटिपार्लर, Blunt Cutting गर्नु पर्ने सफा कपाल भएको ग्राहक, Silky & Weighty Hair भएको ग्राहक ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>ब्लन्ट हेयर कट गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>• काटिएको कपाल Bounce(भुक्क परेको) देखिएको ।<br>• टाउको निउराउंदा नेप एरियाको पहिलो लेयरको कपाल नदेखिएको | • Blunt Cutting<br>▪ परिचय<br>▪ महत्व<br>• कस्तो कपालमा Blunt Cutting हुन्छ र राम्रो देखिन्छ भन्ने ज्ञान |

**ज्यावल तथा उपकरण:** कैंची, एप्रोन, केप, टावल, कटिङ्ग चियर, ज्याकपिन, टेलकम, विगकम, स्प्रे बोतल, हेयर ड्रायर, ऐना

**सुरक्षा तथा सावधानी:** • कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । •हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।

## कार्य विश्लेषण

कुल समय: ७ घण्टा
सैद्धान्तिक: २ घण्टा
प्रयोगात्मक: ६ घण्टा

**निर्दिष्ट कार्य नं ७: लेडिज ब्वाइज हेयर कट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण सामग्री तयार पार्ने ।<br>३ ग्राहकलाई Cutting Chair मा बसाल्ने ।<br>४ ग्राहकलाई एप्रोन लगाई धाँटीको वरिपरि टावल राखी केप लगाई दिने ।<br>५ ग्राहकको कपाल फोहर भएमा स्याम्पु गरि दिने ।<br>६ ग्राहकको कपाल सफा छ भने ८०% भिजाई चार भागमा पार्टेशन गर्ने ।<br>७ टाउकोको पछाडि Nape area को भागबाट First Layer निकालि ग्राहकको इच्छा अनुसारको लम्बाईमा कपाललाई सेप दिने ।<br>८ सेप दिइएको कपाललाई गाइडलाइन मान्दै अरु पुरै कपाल vertical मा समाएर काट्दै माथि सम्म जाने ।<br>९ कपाल काट्दा Crown Area मा पुगेपछि तलको भन्दा कपाल अलि लामो राख्ने ।<br>१० Ear to Ear को कपाल सोही तरिकाबाट पछाडी भन्दा केही लामो हुने गरि काट्ने ।<br>११ दुवै कानको छेउछेउको भाग र पछाडिको कपाल छोटो राख्ने ।<br>१२ ग्राहकको इच्छा अनुसार अगाडीको कपाललाई अगाडी निधारमा कोरेर आइ ब्रो लाई बेस बनाएर काट्ने ।<br>१३ कपाल काटेपछि जिउमा ब्रशले कपाल झार्न र पाउडर लगाई दिने ।<br>१४ ग्राहकको इच्छा र कटिङ्ग अनुसार सुकाउने र सेटिङ्ग गर्ने ।<br>१५ ग्राहकसित Feedback लिने । | **अवस्था (दिइएको):**<br>औजार उपकरण तथा सामाग्री सहितको ब्युटिपार्लर, Ladies Boy's cut Cutting गर्नु पर्ने ग्राहक ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>लेडिज ब्वाइज हेयर कट गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● एकनाशको स्टेप काटिएको कपाल ।<br>● सम्पुर्ण रौहरु सफा गरिएको ।<br>● काटेको कपालको लम्बाई घाँटि सम्म नपुगेको । | • Ladies Boys' Cut Cutting<br>▪ परिचय<br>▪ महत्व<br>● कटिङ्गका प्रकार अनुसारको कटिङ्ग स्टाइल छनौट गर्ने ज्ञान । |

**ज्यावल तथा उपकरण:** कैंची, एप्रोन, कटिङ्गचियर, ज्याकोपिन, तेलकोम, विगकोम, स्प्रेबोटल, हेयर ड्रायर, ऐना, हेयर ब्रस, पाउडर ।

**सुरक्षा तथा सावधानी:** •कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । •हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।

## कार्य विश्लेषण

कुल समय : ७ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक ६ घण्टा

**निर्दिष्ट कार्य नं ८: Fringe (Front) हेयर कट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण सामग्री तयार पार्ने ।<br>३ ग्राहकलाई Cutting Chair मा बसाल्ने ।<br>४ आफुले एप्रोन लगाई ग्राहकलाई धाँटीको वरिपरि टावल राखी केप लगाई दिने ।<br>५ ग्राहकको कपाल फोहर भएमा स्याम्पु गरि दिने ।<br>६ ग्राहकको कपाल सफा छ भने ८०% भिजाउने ।<br>७ कपाललाई सेन्टर पार्टेशन गरि दुबै आई ब्रोको बिचमा हातका औला पर्ने गरि २ देखि २.५ इन्च भित्र गई A सेपमा कपाल निकाल्ने<br>८ यसरि निकालिएको कपाललाई नाकको डांडीमा सिधा औला राखि सिधा नतन्काई काट्ने ।<br>९ ग्राहकको इच्छा र कटिङ्ग अनुसार सुकाउने र सेटिङ्ग गर्ने ।<br>१० ग्राहकसित Feedback लिने । | **अवस्था (दिइएको):**<br>औजार उपकरण तथा सामाग्री सहितको ब्युटिपार्लर, Silky Weighty कपाल भएको Slice cut Cutting गर्नु पर्ने ग्राहक<br>**निर्दिष्ट कार्य (के):**<br>Fringe (Front) हेयर कट गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● आगाडि काटिएको कपालले आंखा नछोपिएको ।<br>● काटिएको कपाल आकर्षक देखिएको । | Fringe (Front) हेयर कट<br>● परिचय<br>▪ महत्व<br>ग्राहकको अनुहारलाई सुहाउदो र कपालको बनाबट अनुसारको कटिङ्ग छनौट गर्ने ज्ञान |

**ज्यावल तथा उपकरण:** कैंची, एप्रोन, केप, कटिङ्ग चियर, ज्याकपिन, टेल कोम्ब, विग कोम्ब, स्प्रे बाटल, हेयर ड्रायर, ऐना, रेजर कोम्ब

**सुरक्षा तथा सावधानी:** कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।

## कार्य विश्लेषण

कुल समय: ७ घण्टा
सैद्धान्तिक: १ घण्टा
प्रयोगात्मक:६ घण्टा

**निर्दिष्ट कार्य नं ९ : हाफ श्यागी हेयर कट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण सामग्री तयार पार्ने ।<br>३ ग्राहकलाई Cutting Chair मा बसाल्ने ।<br>४ आफुले एप्रोन लगाई ग्राहकलाई धाँटीको वरिपरि टावल राखी केप लगाई दिने ।<br>५ ग्राहकको कपाल फोहर भएमा स्याम्पु गरि दिने ।<br>६ ग्राहकको कपाल सफा छ भने ८०% भिजाई चार भागमा पार्टेशन गर्ने<br>७ कपाललाई Center Partition गरी Ear to Ear को कपालबाट अगाडिको बक्स एरियाको कपाल लिने ।<br>८ ग्राहकको इच्छा अनुसारको लम्बाईमा Hair Line Area को कपाललाई Nose, Lips वा Chin मा छुवाएर सिधा काट्ने र सोही कपाललाई गाइडलाईन मान्ने ।<br>९ Ear to Ear को पुरै कपाललाई ग्राहकको नाकको ठीक सिधा उभिएर कपाललाई तन्काई गाइडलाइन लिएर काट्ने ।<br>१० ग्राहकको इच्छा र कटिङ्ग अनुसार सेटिङ्ग गर्ने वा सुकाउने ।<br>११ ग्राहकसित Feedback लिने । | **<u>अवस्था (दिइएको):</u>**<br>औजार उपकरण तथा सामाग्री सहितको ब्युटिपार्लर, Half Shaggy Cutting गर्नु पर्ने सफा कपाल भएको ग्राहक, Silky & Weighty Hair भएको ग्राहक ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>हाप श्यागी हेयर कट गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>दुबै साइडको कपालको लम्बाई बराबर हुने गरी Shaggy Cutting काटिएको । | • Shaggy Cutting<br>  ▪ परिचय<br>  ▪ महत्व<br>• कस्तो कपालमा Shaggy Cutting हुन्छ र राम्रो देखिन्छ भन्ने ज्ञान |

**ज्यावल तथा उपकरण:** कैंची, एप्रोन, केप, टावल, कटिङ्ग चियर, ज्याकपिन, टेलकम, विगकम, स्प्रे बोतल, हेयर ड्रायर, ऐना

**सुरक्षा तथा सावधानी:** •कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने । • हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।

# कार्य विश्लेषण

कुल समय : ८ घण्टा
सैद्धान्तिक : २ घण्टा
व्यबहारिक : ६ घण्टा

**निर्दिष्ट कार्य: १०. Wedge (Mushroom) Cut Cutting गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण सामग्री तयार पार्ने ।<br>३ ग्राहकलाई Cutting Chair मा बसाल्ने ।<br>४ आफुले एप्रोन लगाई ग्राहकलाई धाँटीको वरिपरि टावल राखी केप लगाई दिने ।<br>५ ग्राहकको कपाल फोहर भएमा स्याम्पु गरि दिने ।<br>६ ग्राहकको कपाल सफा छ भने ८०% भिजाई चार भागमा पार्टेशन गर्ने ।<br>७ कपाललाई चार भागमा Partition गर्ने ।<br>८ Nape area बाट डेड देखी साढे दुई इन्च कपाललाई मसिनो ब्वाइज कट्मा कटिङ्ग गर्ने ।<br>९ माथिको बक्स एरियाको कपाललाई तल काटिएको ब्वाइज कट हाफ इन्च छोपिने गरि सिधा काटि गाइडलाइन तयार गर्ने ।<br>१० दांया र वांयाको कपाललाई बक्स एरियाको गाइडलाइन लिई सिधा काट्ने ।<br>११ त्यस पछिको पुरै कपाललाई लेयर लेयर लिदै हल्का माथि उठाएर तलको गाइडलाइन भन्दा हाफ इन्च लामो गरि कटिङ्ग गर्ने ।<br>१२ Ear to Ear को कपाललाई पछाडीको गाइडलाइन अनुसार काट्दै जाने ।<br>१३ दायां साइडको कपाल वांया, वायां साइडको कपाल दांया र अगाडीको कपाललाई पुरै पछाडी लगि बराबर लेभलमा भए नभएको चेक गर्ने र लामो भएमा बराबर हुने गरि काट्ने<br>१४ कपाल काटिसकेपछि ब्रशले कपाल झार्ने ।<br>१५ ग्राहकको इच्छा र कटिङ्ग अनुसार सुकाउने र सेटिङ्ग गर्ने ।<br>१६ ग्राहकसित Feedback लिने । | **<u>अवस्था (दिइएको):</u>**<br>औजार उपकरण तथा सामाग्री सहितको ब्युटिपार्लर, Silky कपाल भएको Mushroom Cut Cutting गर्नु पर्ने ग्राहक ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>**Wedge (Mushroom) Cut Cutting गर्ने ।**<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>Mushroom जस्तो आकार देखिने गरी कपाल काटिएको । | • Mushroom Cutting<br>▪ परिचय<br>▪ महत्व<br>ग्राहकको अनुहारलाई सुहाउदो र कपालको बनाबट अनुसारको कटिङ्ग छनौट गर्ने ज्ञान । |

**ज्यावल तथा उपकरण:** कैंची, एप्रोन, केप, कटिङ्ग चियर, ज्याकपिन, टेलकोम्ब, विगकोम्ब, स्प्रे बाटल, ड्रायर, ऐना

**सुरक्षा तथा सावधानी:**

- कैंची प्रयोग नगर्दा लक गरेर राख्नु पर्ने ।
- हेयर ड्रायर चलाउंला कम्तिमा ६ ईन्च परबाट चलाउनु पर्ने ।
- Teen age सम्मका ग्राहकलाई मात्रै यो कटिङ्ग गर्ने ।
- लामो धांटी भएको ग्राहकलाई यो कट् कटिङ्ग नगर्ने ।

# मोड्युल ३ ब्युटी कल्चर

## सब मोड्युल ३.१: ब्युटी केयर

समय : १४ घण्टा (सै) + ५३ घण्टा (ब्या) = ६७ घण्टा

**वर्णन:** यो मोड्युल मुहार, हात र गोडा सुन्दर पार्नका लागि ब्युटी कल्चरिष्टले गर्ने कामसंग सबन्धित ज्ञान र सीप दिने उद्देश्यले तयार गरिएको छ । यसमा मुहार, हात र गोडाको सौन्दर्य, गोडाका रौं निकाल्ने, विभिन्न मेक-अप र मुहारको सफाइका बारेमा विस्तृत प्रस्तुति गरिएको छ ।

**उद्देश्य:** यो मोड्युलको समाप्तिपछि प्रशिक्षार्थीहरु समर्थ हुनेछन्:

१ वैयक्तिक ग्रुमिङ्गको अवधारणा विकास गर्ने
२ थ्रेडिङ/टुइजर गर्ने
३ डिप क्लिन्जिङ्ग गर्ने
४ मेहन्दी आर्ट गर्ने ।
५ साधारण फेसियल गर्ने ।
६ नर्मल पेडिक्योर गर्ने ।
७ नर्मल मेनिक्योर गर्ने ।
८ वाक्सीङ्ग गर्ने ।

**कार्यहरु:**

१. वैयक्तिक ग्रुमिङ्गको अवधारणा विकास गर्ने
२. थ्रेडिङ/टुइजर गर्ने
३. डिप क्लिन्जिङ्ग गर्ने
४. मेहन्दी आर्ट गर्ने ।
५. साधारण फेसियल गर्ने ।
६. नर्मल पेडिक्योर गर्ने ।
७. नर्मल मेनिक्योर गर्ने ।
८. वाक्सीङ्ग गर्ने ।

# कार्य विश्लेषण (Task Analysis)

## ब्युटी केयर

## कार्य विश्लेषण

कुल समयः २ घण्टा
सैद्धान्तिकः १ घण्टा
प्रयोगात्मकः १ घण्टा

**निर्दिष्ट कार्य नं १ : वैयक्तिक ग्रुमिङ्को अवधारणा विकास गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ग्रुमिङ् भनेको के हो बताउने ।<br>२. वैयक्तिक ग्रुमिङ् भनेको के हो बताउने<br>३. पोजिङको महत्वको सूची बनाउने ।<br>४. व्यक्तिगत हेरचाहको महत्वको सूची बनाउने | **अवस्था (दिइएको):**<br>किताव म्यानुएल र क्याटलग ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>वैयक्तिक ग्रुमिङ्को अवधारणा विकास गर्ने<br><br>**स्तर (कति राम्रोसँग):**<br>व्यक्तिको गेटअप, कपाल, वेशभूषाबाट व्यक्तिगत हेरचाह गरिएको देखिनुपर्ने । | **ग्रुमिङ्**<br>परिभाषा, महत्व, प्रकार<br>**वैयक्तिक ग्रुमिङ**<br>परिभाषा, महत्व, व्यक्तिगत आकर्षण कला, सुरक्षाका पूर्व सावधानी<br>**पोजिङ**<br>● परिभाषा, महत्व, प्रकार<br>● दृश्यात्मक पोज<br>● व्यक्तिगत हेरचाह<br>● व्यक्तिगत हस्त पाद स्याहार र संभार<br>● आफ्नै मुहारको सफाइ<br>● व्यक्तिगत मेकअप<br>● वेशभूषाको चेतना<br>● रंग संयोजन |

**आवश्यक औजार/उपकरण :** किताव म्यानुएल र क्याटलग ।

**सुरक्षा तथा सावधानिः** व्यक्तिको गेटअप, कपाल, भेश भूषाबाट हेरचाह नगरिदा पेशा र व्यवसाय सञ्चालनमा हुने कठिनाईको जानकारी गराइएको

## कार्य विश्लेषण

कुल समय : ८ घण्टा
सैद्धान्तिक : २ घण्टा
व्यवहारिक : ६ घण्टा

**निर्दिष्ट कार्यः २. थ्रेडिङ/टुइजर गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार, उपकरण र सामाग्रीहरुको संकलन गर्ने ।<br>३ ग्राहकलाई आरामदायी कुर्चीमा राख्ने ।<br>४ ग्राहकको वरिपरि तौलिया राख्ने ।<br>५ अनुहारको स्वरुप अध्ययन गर्ने ।<br>६ आखीभौको आकार सुनिस्चित गर्ने ।<br>७ आखीभौ निकाल्ने ठाउमा पाउडर लगाउने ।<br>८ एकातिरको धागो हातले समाई अर्को हातको दुइटा औलामा धागो लाई ५, ६ पटक सम्म बेरी लुप बनाउने ।<br>९ थ्रेडिङ गर्ने भागको छालालाई तल माथी तन्काई टाईट गर्ने ।<br>१० रौको जरालाई लुपमा पर्ने गरि राख्ने र एक एक रौ गरि बिपरीत दिशातिर तान्ने ।<br>११ ग्राहकको इच्छा, अनुहारको स्वरुप र आईब्रोको आकार अनुसार थ्रेडिङ गर्ने ।<br>१२ बाकी रहेको मसीनोरौलाई टुइजरको सहायताले सफागरी निकाल्ने ।<br>१३ मसाज क्रिम, स्कीनटोनर वा मसाज पाउडरले मसाज गर्ने ।<br>१४ यदि ग्राहकको छाला रातो, बिमिरा आएमा, डावर आएमा क्यालामाईन लोसन लगाउने वा चिसो पानी, आइसले सेक्ने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर, रफ वा सेप नमिलेको आँखी भौ भएको ग्राहक, आवश्यक औजार तथा सामाग्रीहरु<br><br>**निर्दिष्ट कार्य (के)**<br>थ्रेडिङ/टुइजर गर्ने ।<br><br>**स्तर(कति राम्रो):**<br>● सुन्दर र आकारयुक्त आँखीभौं बनाइएको ।<br>● आँखि भौंको बाकी नमिलेका सवै थ्रेडिङ् गरिएको<br>● थ्रेडिङ गर्दा घाउ नभएको र मसिना रौ नछुटेको । | आंखी भौमा थ्रेडिङ्ग गर्ने<br>● परिचय<br>● महत्व<br>● मुहारको स्वरुप (Upper Lip थ्रेडिङ, Fore Head थ्रेडिङ, Full Face थ्रेडिङ)<br>● आँखीभौं थ्रेडिङ विधि<br>● आखीभौ मसाज गर्ने विधि<br>● सुरक्षाका पूर्व सावधानीहरु |

**आवश्यक औजार/उपकरणहरुः** थ्रेड, पाउडर, मसाज क्रिम, क्यालामाईन लोसन, सानो कैची, सानो ऐना, कपास, स्कीन टोनर, सफ्ट ब्रश, आइस क्युब ।

**सुरक्षा र सावधानीः** •छालालाई धेरै टाईड वा लुज नगर्ने • सुरक्षित तवरले कैची सञ्चालन गर्ने । छाला अनुसार मसाज क्रिम प्रयोग गर्ने ।

## कार्य विश्लेषण

कुल समय: ७ घण्टा
सैद्धान्तिक: १ घण्टा
प्रयोगात्मक: ६ घण्टा

**निर्दिष्ट कार्य नं ३ : डिप क्लिन्जिङ्ग गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ ग्राहकको स्वागत गर्ने<br>२ आवश्यक औजार, उपकरण र सामाग्रीहरुको संकलन गर्ने<br>३ ग्राहकलाई आरामदायी कुर्चीमा राख्ने<br>४ ग्राहकको वरिपरि तौलिया राख्ने<br>५ मेकअप हटाउने ।<br>६ ग्राहकको स्किनमा ड्राइ भए क्लिन्जिङ्ग क्रिम, वइली भए क्लिन्जिङ्ग जेल र नर्मल भएमा क्लिन्जिङ्ग मिलक वा क्लिन्जिङ्ग लोसन लगाउने ।<br>७ ३-५ मिनेट सम्म नर्मल मसाज गर्ने ।<br>८ क्लिन्जिङ्ग सफा संग पुछने ।<br>९ फेसमा स्क्रब लगाई ३ देखि ५ मिनेट छोड्ने त्यस पछि हल्का मिजाइ फिगंर टिप्सले २ मिनेट सर्कुलर मुमेन्टमा गर्ने ।<br>१० स्क्रबलाई सफा संग पुछने ।<br>११ पानिमा रोज वाटर वा टोनर मिक्स गरि कोल्ड कम्प्रेसन दिने ।<br>१२ ग्राहकको छालाको प्रकार अनुसार प्याक लगाईदिने ।<br>१३ हल्का सुके पछि प्याक पुछने ।<br>१४ टोनर लगाउने ।<br>१५ छालाको प्रकार अनुसार मोइस्चराइजर क्रिम लगाउने ।<br>१६ सनब्लक क्रिमको प्रयोग गर्ने । | **अवस्था (दिइएको):**<br>ब्युटी पार्लर, छाला सफा नभएको ग्राहक र आवश्यक सामाग्रीहरु<br><br>**निर्दिष्ट कार्य (के)**<br>डिप क्लिन्जिङ्ग गर्ने<br><br>**स्तर(कति राम्रो):**<br>सफा, चिल्लो र चमकयुक्त छाला देखिएको । | डिप क्लिन्जिङ्ग<br>• परिचय<br>• महत्व<br>• छालाको प्रकार<br>• मुहार सफा गर्ने तरिका |

**आवश्यक औजार/उपकरणहरुः** क्लिन्जिङ मिल्क, स्क्रब, कमोडन, स्टिमर, फेसियल बेड, तौलिया, कपास, मोइस्चराइजिङ्ग क्रिम, सनस्क्रिन, टोनर, रोज वाटर

**सुरक्षा र सावधानीः** : स्वस्थकर अवस्था कायम गर्ने । टोनर, स्क्रब र प्याक आखांमा पर्न सक्ने हुदा ख्याल गरिएको ।

## कार्य विश्लेषण

कुल समय: १० घण्टा
सैद्धान्तिक: २ घण्टा
प्रयोगात्मक: ८ घण्टा

**निर्दिष्ट कार्य नं ४: मेहन्दी आर्ट गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ग्राहकको स्वागत गर्ने ।<br>२. आवश्यक औजार उपकरण र सामग्री संकलन गर्ने ।<br>३. ग्राहकलाई आरामदायी कुर्चि/ पलङ्गमा राख्ने ।<br>४. हातमा मेहेन्दी तेल लगाउने ।<br>५. ग्राहको इच्छा अनुसार कोनले हातमा मेहेन्दी लगाइ दिने ।<br>६. मेहन्दी सुक्न थाले पछि कागती र चिनी को घोल बनाई २-३ पटक कपासको सहायताले मेहेन्दी भिजाउने<br>७. ३-४ घण्टा पछि पानी नलाई हातको मेहेन्दी धार नभएको चक्कुले हटाउने ।<br>८. तावामा ल्वाङ्ग तताएर ल्वाङ्गको रापमा हात सेकाउने । (कालो रङ्ग बनाउन) | **अवस्था :**<br>ब्युटी पार्लर सादा नहात भएको ग्राहक, आवश्यक औजार तथा सामाग्रीहरु<br><br>**कार्य (के) :**<br>मेहन्दी आर्ट गर्ने ।<br><br>**(कति राम्रो सँग)**<br>सुन्दर र सजाइएको हात तथा खुट्टा देखिएको । | • विभिन्न प्रकारका डिजाइन कोन बनाउने विधि :<br>• मेहन्दी लगाउने र हटाउने विधि<br>• सुरक्षाका पूर्व सावधानी |

**आवश्यक औजार / उपकरण :** मेहेन्दी पाउडर, मेहेन्दी तेल, प्लाष्टिक, कैंची, टेप, कागतीको रस, चिनीको घोल, ल्वाङ्ग

**सुरक्षा र सावधानीः** : कोल्ड एलर्जि हुने व्यक्तिले मेहन्दी नलगाउने ।

## कार्य विश्लेषण

कुल समयः १० घण्टा<br>सैद्धान्तिकः २ घण्टा<br>प्रयोगात्मकः ८ घण्टा

**निर्दिष्ट कार्य नं ५: साधारण फेसियल गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार, उपकरण र सामाग्रीहरुको संकलन गर्ने<br>३ ग्राहकलाई आरामदायी फेसियल बेडमा सुताउने ।<br>४ ग्राहकको घाँटीको वरिपरि तौलिया राख्ने र कपालमा हेयरबेण्ड लगाई दिने<br>५ ग्राहकले मेकअप गरेको भए कटन र क्लिन्जिङ्गको सहायताले मेकअप पुछिदिने ।<br>६ सफा पानीमा फेसियल पफलाई भिजाई सम्पुर्ण अनुहार पुछिदिने ।<br>७ फेसियल गर्नु पर्ने ग्राहकको छाला वइली, ड्राई, नर्मल वा सेन्सेटिभ कस्तो छ चेक गर्ने ।<br>८ क्लिनजिङ मिल्क वा क्रिमले ३ देखी ५ मिनेट सम्म क्लिनजिङ्ग गर्ने ।<br>९ चिसो पानीमा रुमाल वा फेसियल पफ भिजाई क्लिनजिङ्गलाई सफा संग पुछ्ने ।<br>१० क्लिन्जीङ्ग पुछिसकेपछि छालाको प्रकार अनुसार स्क्रबको प्रयोग गर्ने ।<br>११ सफा संग स्क्रबलाई पुछने ।<br>१२ कटनको सहायताले टोनर्सले टोनअप गरिदिने ।<br>१३ छालाको प्रकार अनुसार मसाज क्रिम लगाई आवश्यकता अनुसार १५ देखी २० मिनेट सम्म मसाज मुभमेन्ट गर्ने ।<br>१४ कम्बोडनको सहायताले ब्लाक हेडस तथा ह्वाइट हेडस्हरुलाई निकालि कोल्ड कम्प्रेक्शन दिने ।<br>१५ कटनमा टोनर लगाई सम्पुर्ण फेसमा टोन अप गर्ने ।<br>१६ छाला अनुसारको फेस प्याकलाई रोज वाटर वा दुधमा घोली आँखा, आइ ब्रो र लिप्सलाई छाडी सम्पुर्ण फेसमा लगाइदिने ।<br>१७ आँखाको एरियामा आइ प्याड लगाई दिने ।<br>१८ फेस प्याकलाई नसुक्दा सम्म वा १५ देखी २० मिनेट सम्म राख्ने ।<br>१९ सुकि सकेपछि वा समय पुगि सकेपछि हल्का भिजाई हातको औलाले टिप्स मसाज गर्दै प्याकलाई निकालि सफा संग पुछिदिने ।<br>२० ग्राहकको छाला अनुसार स्किन टोनर वा मस्चोराइजिङ्ग र सन ब्लक क्रिम लगाई दिने ।<br>२१ फिडब्याक लिने । | **<u>अवस्था (दिइएको):</u>**<br>औजार, उपकरण, सामाग्रीहरु सहितको ब्युटिपार्लर, साधारण फेसियल गर्नु पर्ने ग्राहक<br><br>**<u>निर्दिष्ट कार्य (के)</u>**<br>साधारण फेसियल गर्ने ।<br><br>**<u>स्तर(कति राम्रो):</u>**<br>• फेसियल गरिएको अनुहारमा ब्लाक हेडस तथा ह्वाइट हेडस्हरु हटाइएको ।<br>• अनुहार सफा, मुलायम, र चिल्लो देखिएको ।<br>• अनुहारको छाला चम्किलो देखिएको ।<br>• प्रोड्क्टको स्पेशिफिकेशनमा दिइएको गाइडलाइन अनुसार प्रयोग गरिएको । | **साधारण फेसियल**<br>• ब्युटी कल्चरको अवधारणा र महत्व<br>• फेसियलको अवधारणा र महत्व<br>• छालाका प्रकारहरु<br>• छालाजन्य विभिन्न समस्याहरु<br>• फेसियल गर्ने तरिका र विधि<br>• सुरक्षा र सरसफाइ<br>• प्रोड्क्टको स्पेशिफिकेशन बुझ्न सक्ने ज्ञान ।<br>• छालाका कार्यहरुको ज्ञान |

**आवश्यक औजार/उपकरणहरु:** फेसियलबेड, फेस स्टिमर, ब्ल्याक हेड्स रिमुभर (कम्बोडन), तौलिया, क्लिनजिङ मिल्क, टिस्यू पेपर, मसाज क्रिम, हेयर व्याण्ड, स्किन टोनर, फेस प्याक, फेसियल ब्रस, प्लास्टिक वा सिसाको वाउल, रोज वाटर, कपास, मोस्चराइजिङ क्रिम/सन् स्क्रिन क्रिम, कटन

**सुरक्षा र सावधानी: :**
- फेसियल उपकरणको सञ्चालन राम्रोसंग गर्ने प्याक/टोनर लगाउदा आँखा जोगाउने
- फेसियल गर्ने औजार तथा उपकरणहरु राम्रोसँग चलाउने ।
- स्वस्थ्यकर अवस्था कायम गर्ने ।
- प्याक टोनर आदि लगाउदा आँखाको बचावट गर्ने ।
- रसायनिक क्रिमहरु लगाउँदा हुन सक्ने रासायनिक हानिबाट सावधानि अपनाउने ।
- छाला अनुसारका क्रिमहरु प्रयोग गरिएको ।
- फेसियल गरेको कम्तिमा पनि चौबिस घण्टा अरु कडा क्रिमहरु नलगाउने ।
- फेसलाई धाम तथा पानीबाट जोगाउने ।

# कार्य विश्लेषण

कुल समय: १० घण्टा
सैद्धान्तिक: २ घण्टा
प्रयोगात्मक: ८ घण्टा

**निर्दिष्ट कार्य नं ६: नर्मल पेडिक्योर गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ आवश्यक औजार उपकरण तथा सामग्रीहरु संकलन गर्ने ।<br>३ ग्राहकलाई आरामदायी अवस्थामा कुर्सि बसाउने ।<br>४ आफुले एप्रोन लगाउने ।<br>५ खुट्टाको सौन्दर्य प्रवर्द्धन गर्न उपयुक्त सामग्रीहरु छनौट गर्ने ।<br>६ ग्राहकले नेल पोलिस लगाएको छ भने नेल पोलिस रिमुभर र कटनको सहायताले नङ्गको पोलिस हटाउने ।<br>७ ग्राहकको चाहना अनुसार नङ्ग काटि नङ्गको सेप दिने ।<br>८ मौषम अनुसार मन तातो/तातोपानी, डिटोल, हाईड्रोजन पेरोअक्साईड, म्यानिकेयर स्याम्पु र नुनको घोल बनाउने ।<br>९ बनाइएको घोलमा १० देखि १५ मिनेटसम्म खुट्टालाई डुवाउने र घोल भित्रै प्युमिक स्टोनले खुट्टाको पैतिलाहरु घोट्ने तथा ब्रसले खुट्टाका नङ्गहरु सफा गर्ने ।<br>१० समय पुगे पछि खुट्टालाई बाहिर निकालि सफा पानीले पखालि सफा रुमालले पुछ्ने ।<br>११ नङ्गमा क्युटिकल क्रिम लगाई हल्का मसाज गर्ने ।<br>१२ पेडियोर सेटका औजारहरु प्रयोग गरि नङ्गको फोहर निकाल्ने, डेड सेलहरु पुस गर्ने र पुस गरेको डेड सेलहरुलाई क्युटिकल कटरको सहायताले काटिदिने ।<br>१३ खुट्टामा मसाज क्रिम वा हायण्ड एण्ड बडि लोसन लगाई मसाज मुमेन्ट गर्ने ।<br>१४ मसाज गरि सकेपछि क्रिमलाई पुछि कभरिङ्ग क्रिम लगाई दिने ।<br>१५ ग्राहकको चाहना अनुसार बेस कोट लगाई नेल पोलिस र टप कोट गरिदिने ।<br>**१६** ग्राहकले पोलिस नलगाउने भए नेल बफर गरि दिने । | **अवस्था (दिइएको) :**<br>औजार, उपकरण, सामाग्रीहरु सहितको ब्युटिपार्लर, Padicure गर्नु पर्ने ग्राहक<br><br>**निर्दिष्ट कार्य(के):**<br>नर्मल पेडिक्योर गर्ने ।<br><br>**स्तर(कति राम्रो):**<br>• ग्राहकको रुची र गुणयुक्त कार्यविधि अनुसार खुट्टाको सौन्दर्य वढाउने कार्य गरिएको ।<br>• नङ्गको सेपहरु मिलेको<br>• ग्राहकको खुट्टाहरु सफा, नरम र चिल्लो देखिएको । | **Pedicure**<br>• परिचय<br>• प्रकारहरु<br>• विधि<br>• नङ्ग पालिस लगाउने विधि<br>• औजारहरु सरसफाई, प्रयोग र निर्मलीकरणका तरिकाहरु<br>• खुट्टाको सौन्दर्य प्रवर्द्धन गर्ने विधि ।<br>• सुरक्षाको लागि अपनाउनु पर्ने सावधानी |

